# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १० अंक ३३२ काठमाडौं आइतबार, १८ चैत २०८० Prabhab National Daily Sunday, March 31, 2024 www.prabhabonline.com पृष्ठ ८ मूल्य रू. ५।-


## जिल्लाभरिका एसइई परीक्षार्थी एउटै कोठामा

मनाङबाट २३ छात्रा र १७ छात्र गरी कूल ४० विद्यार्थीले परीक्षा फाराम भरेकामा ३९ जनामात्र परीक्षामा सहभागी

४२ वर्षीया आमा राधा थापा क्षेत्री र १६ वर्षीय छोरा जयराम थापा क्षेत्रीले सँगै परीक्षामा सहभागी



**मनाङ–** देशकै थोरै परीक्षार्थी रहेको मनाङ जिल्लामा यस वर्षको माध्यमिक शिक्षा परीक्षा (एसइई) का लागि एउटा मात्रै परीक्षा केन्द्र तोकिएको छ । चालिस जना परीक्षार्थी मात्र रहेकाले उक्त परीक्षा केन्द्रमा सबैलाई एउटै कक्षाकोठामा राखेर परीक्षा सञ्चालन गरिएको छ ।

यही चैत १५ गतेदेखि सुरु भएको परीक्षामा हालसम्म अंग्रेजी र नेपाली विषयका परीक्षा सकिएका छन् । बाँकी विषयका परीक्षा पनि सोही कोठाबाटै सञ्चालन गरिने जिल्लास्थित शिक्षा विकास तथा समन्वय एकाइका प्रमुख मतिलाल चपाइँले जानकारी दिए । विगतका वर्षभन्दा फरक ढंगले यस वर्षको एसइई सञ्चालन गरिएको उनको भनाइ छ ।

चपाइँका अनुसार उक्त परीक्षा केन्द्रबाट ४२ वर्षीया आमा राधा थापा क्षेत्री र १६ वर्षीय छोरा जयराम थापा क्षेत्रीले सँगै परीक्षा दिइरहेका छन् । 'अहिलेसम्मका परीक्षा शान्तिपूर्ण, मर्यादित र भयरहित वातावरणमा भएका छन्,' उनले भने, 'अनुगमनका क्रममा प्रमुख जिल्ला अधिकारी आउनुभएको थियो । हामीले पालैपालो अनुगमन गर्ने गरेका छौं ।

(क्रमशः पृष्ठ २ मा)

## कांग्रेसले अडान नछाडदा संसद् चल्नेमा अन्योल



सत्तापक्षले प्रतिपक्षलाई बेवास्ता गर्‍यो । हामीले बारम्बार संसदीय समिति गठन गर्न माग गरेका छौं तर समिति गठनमा सत्तापक्षको तदारूकता देखिएन । त्यही भएर हामी पदाधिकारी बैठक बसेर कसरी अघि बढ्ने भन्ने निर्णय लिन्छौं ।

**सुशीला थिङ**
**सचेतक, नेपाली कांग्रेस**



सरकार बनाउन रवि लामिछानेजीलाई प्रधानमन्त्रीको 'अफर' गर्ने कांग्रेस नै हो । अफर अस्वीकार गरेर लामिछानेजी सत्ता समीकरणमा जोडिनुभयो । अघिल्लो दिन लगाएको चस्माले प्रधानमन्त्रीका लागि उपयुक्त देख्ने र पछिल्लो दिनको चस्माले गृहमन्त्री पनि उपयुक्त नदेख्ने पनि हुन्छ र ?

**महेश बर्तौला**
**प्रमुख सचेतक, नेकपा एमाले**



■ **जेबी योञ्जन**

**काठमाडौं–** उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेविरुद्ध सहकारी ठगी प्रकरणको छानबिन गर्न संसदीय छानबिन समिति गठन गर्न दबाब दिएको कांग्रेसले थप रणनीति तय गर्दै छ । सत्तापक्षले समिति गठन आवश्यक नभएको भनिरहेका बेला पदाधिकारी बैठक बसेर थप रणनीति तय गर्ने भएको कांग्रेसकी सचेतक सुशीला थिङले बताइन् । उनका अनुसार बैठक आज (आइतबार) बिहान साढे ९ बजेपछि बस्ने भएको छ ।

'सत्तापक्षले प्रतिपक्षलाई बेवास्ता गर्‍यो । हामीले बारम्बार संसदीय समिति गठन गर्न माग गरेका छौं तर समिति गठनमा सत्तापक्षको तदारुकता देखिएन,' उनले प्रभावसँग भनिन्, 'त्यही भएर हामी पदाधिकारी बैठक बसेर कसरी अघि बढ्ने भन्ने निर्णय लिन्छौं ।'

कांग्रेसले यही चैत ७ गते अर्को संसद् बैठकमा संसदीय समिति गठन गर्न सरकारलाई अल्टिमेटम दिएको थियो । त्यसबेला कांग्रेस सांसद ईश्वरी न्यौपानेले समिति गठन नभए संसद् चल्न नदिने चेतावनीसमेत दिएकी थिइन् । तर, सत्तापक्षले संसदीय समिति गठनको औचित्य नभएको बताउँदै यसतर्फ चासो दिएको छैन ।

> सभामुख देवराज घिमिरेले प्रमुख दलका प्रमुख सचेतक र सचेतकहरूसँग शनिबार सम्वाद गरेका छन् । सम्वादको क्रममा कांग्रेसले आफ्नो अडान कायमै राखेको छ । सत्तारुढ दलहरूका प्रमुख सचेतक र सचेतकहरूले भने समिति गठन आवश्यक नभएको दोहोर्‍याएका छन् ।

यहीबीच कांग्रेसले आज आइतबारको संसद् बैठक अवरुद्ध गर्ने संकेत गरेको छ । सचेतक थिङले उक्त संकेत गरेकी हुन् । 'प्रतिपक्षलाई नसुनिने सरकार हुँदैन । सुनिनुपर्छ । तर सरकार कानमा तेल हालेर बसेको छ । त्यसो भए हामीले संसद् चल्न दिने कुरा आउँदैन,' थिङको भनाइ छ । सभामुख देवराज घिमिरे १० दिने विदेश भ्रमणपछि स्वदेश आइपुगेका छन् ।

उनी आएसँगै आज बिहान ११ बजे प्रतिनिधिसभाको बैठक बस्दै छ । आजदेखि लगातार चार दिन बैठक राख्ने र संघीय निजामती ऐनसहितका विधेयक र प्रस्तावमाथि छलफल गर्ने सरकारको तयारी छ । तर, बैठक चल्छ कि चल्दैन ? अन्योल छ । यसबीच सभामुख घिमिरेले प्रमुख दलका प्रमुख सचेतक र सचेतकहरूसँग शनिबार सम्वाद गरेका छन् । सम्वादको क्रममा कांग्रेसले आफ्नो अडान कायमै राखेको छ । सत्तारुढ दलहरूका प्रमुख सचेतक र सचेतकहरूले भने समिति गठन आवश्यक नभएको दोहोर्‍याएका छन् ।

बैठकपछि एमाले प्रमुख सचेतक महेश बर्तौलाले कांग्रेसले संसदीय समिति गठनको माग गर्नुलाई राजनीतिक पूर्वाग्रहीबाहेक केही नभएको बताए । कांग्रेसले सरकार छाड्नुपर्दाको छटपटीमा व्यक्त गरेको उनको आरोप छ । 'पहिले सरकार बनाउन रवि लामिछानेजीलाई प्रधानमन्त्रीको 'अफर' गरेको कांग्रेसले नै हो । अफर अस्वीकार गरेर लामिछानेजी सत्ता समीकरणमा जोडिनुभयो,' उनले भने, 'अनि, अघिल्लो दिन लगाएको चस्माले प्रधानमन्त्रीका लागि उपयुक्त देख्ने र पछिल्लो दिनको चस्माले गृहमन्त्री पनि उपयुक्त नदेख्ने पनि हुन्छ र ? यो सत्ता छाड्नुपर्दाको छटपटी होइन र ?'

गृहमन्त्री लामिछाने संलग्न भएको सहकारी ठगी प्रकरणबारे संसद्मा प्रधानमन्त्री पुष्पकमल दाहालले यही ७ चैतमा जवाफ दिएका थिए । प्रधानमन्त्रीको जवाफ भने कांग्रेसलाई चित्त बुझेको छैन । जसरी पनि संसदीय समिति गठन गरेर छानबिन तत्काल अघि बढाउनुपर्ने एक सूत्रीय मागमा कांग्रेस अडिक छ । गृहमन्त्री लामिछानेले पनि गत बुधबार संसद्को राज्य व्यवस्था तथा सुशासन समिति बैठकमा आफू सहकारी ठगी प्रकरणमा संलग्न नभएको र कतै पनि आफूविरुद्ध किटानी जाहेरी नपरेको बताए ।

(क्रमशः पृष्ठ २ मा)

## चुनावमय इलाम, उम्मेदवार 'अकबरे'

- एमाले, रास्वपा र पहिचान पक्षधरको उम्मेदवार टुंगो, चुनावी मैदानमा सक्रिय
- रास्वपा उम्मेदवार लिम्बूलाई सभापति रविले मागे मत
- कांग्रेस र माओवादीको उम्मेदवार टुंगो हुन बाँकी

**काठमाडौं (प्रस)–** इलामलाई उपनिर्वाचनले छपक्कै छोपेको छ । केन्द्रीय नेताहरू धमाधम इलाम पुगिरहेका छन् । उम्मेदवार घोषणा गर्ने क्रम जारी छ । केही दलको भने उम्मेदवार तय हुन बाँकी छ । उम्मेदवार घोषणा गरेका दलहरूले त मत नै माग्न थालिसके ।

शनिबार राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेले इलाम पुगेर आफ्ना दलका उम्मेदवार मिलन लिम्बूलाई मत मागे । निर्वाचन जिताएर संसद्मा पठाउन इलाम–२ वासीसँग याचना गरे । त्यसक्रममा उनले दल परिवर्तन गर्न आवश्यक नभएको पनि बताए । 'पार्टीहरूले नेता र उम्मेदवारहरू त दिए । तर, उनीहरूले अवसरलाई व्यक्तिगत लाभलाई प्रयोग गरेर मुलुकलाई हरिकंगाल बनाए ।

(क्रमशः पृष्ठ २ मा)

**सन्दर्भः वैदेशिक रोजगार**

## तीन 'सिफ्ट'मा श्रम स्वीकृतिसम्बन्धी सेवा

### एक घण्टाभित्र श्रम स्वीकृति दिन पुरानो प्रविधिले समस्या

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** वैदेशिक रोजगार कार्यालय ताहाचलले विदेश जाने नेपाली कामदारहरूको सुविधाका लागि तीन 'सिफ्ट'मा श्रम स्वीकृतिसम्बन्धी सेवा दिन थालेको छ । वैदेशिक रोजगारीमा जानेहरूका लागि चुस्त र प्रभावकारी सेवा प्रवाह गर्ने उद्देश्यले तीन सिफ्टमा सेवा दिन थालेको कार्यालयले जानकारी दिएको छ ।

सेवाग्राहीलाई सहजरूपमा सेवा प्रदान गर्न बिहानदेखि रातिसम्म तीन सिफ्टमा कार्यालय सञ्चालनमा ल्याइएको वैदेशिक रोजगार विभागका महानिर्देशक डण्डुराज घिमिरेले बताए । उनका अनुसार विहान ७ बजेबाट भोलिपल्ट बिहान ४ बजेसम्म तीन सिफ्टमा सेवा प्रवाह हुने छ ।

अहिलेलाई न्यून जनशक्ति भए पनि कार्यालयमा कार्यरत ५७ जना कर्मचारीलाई सिफ्टअनुसार आलोपालो डड्युटी गर्ने व्यवस्था मिलाइएको उनले जानकारी दिए । बिदाको दिनसमेत कार्यालय सञ्चालन हुनेगरी सेवा प्रवाहलाई थप व्यवस्थित बनाउन लागिएको विभागले उल्लेख गरेको छ । सोहीअनुरूप सेवा सञ्चालन कार्यविधिको केही अंश संशोधन गरेर शनिबारबाटै बिदाको दिन पनि कार्यालय सञ्चालन गरिएको महानिर्देशक घिमिरेले बताए ।




> 'हामीसँग पुरानो प्रविधि छ, त्यसको क्षमताले धानेसम्म सेवा दिने प्रयासमा छौं, एक घण्टामै श्रम स्वीकृति दिने लक्ष्यका साथ काम गरिरहेका छौं । यतिमात्र नभई कार्यालयमा रहेका कम्प्युटरहरु समेत अपग्रेड गरी प्राविधिकरूपमा चुस्त बनाइएको छ ।'

'अहिले नयाँ र पुनः गरी दैनिक दुई हजार ५०० जनासम्मलाई श्रम स्वीकृति दिने गरिएको छ,' उनले भने, 'नयाँभन्दा पुनः श्रम स्वीकृति लिने कामदारको चाप देखिएकाले एकै तहबाट स्वीकृति दिने व्यवस्था मिलाएका छौं ।'

यसअघि पुनः श्रम स्वीकृति दिन १५ जनाले कागजात प्रमाणीकरण गर्ने र सात जनाले श्रम स्वीकृति दिने व्यवस्था थियो । तीन सिफ्टमा कार्यालय सञ्चालन भए पनि श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री डोलप्रसाद अर्यालले निर्देशन दिएअनुसार एक घण्टाभित्रै श्रम स्वीकृति दिन अझै समय लाग्ने देखिएको छ ।

'हामीसँग पुरानो प्रविधि छ, त्यसको क्षमताले धानेसम्म सेवा दिने प्रयासमा छौं,' महानिर्देशक घिमिरेले भने, 'एक घण्टामै श्रम स्वीकृति दिने लक्ष्यका साथ काम गरिरहेका छौं ।' यतिमात्र नभई कार्यालयमा रहेका कम्प्युटरहरू समेत अपग्रेड गरी प्राविधिकरूपमा चुस्त बनाइएको छ भने सेवा प्रवाहको चापलाई ध्यानमा राख्दै टोकन प्रणालीको समयलाई पनि परिवर्तन गरिएको छ । कार्यालयले सेवा प्रवाहका लागि लिइने टोकन दिउँसो १ बजेपछि मात्रै वितरण गर्न थालेको छ ।

## साउदीमा थप ७३ जनाले पाए 'एक्जिट भिसा'

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगारीका लागि साउदी अरेबिया पुगेर विभिन्न समस्या झेलिरहेका थप ७३ जना नेपाली श्रमिकले 'एक्जिट भिसा' पाएका छन् । साउदीस्थित नेपाली दूतावासको समन्वयमा त्यहाँको अध्यागमन कार्यालयले हुरुब (कम्पनी छोडेर भागेका) लागेका र इकामा (बस्ने अनुमति) सकिएका वा नपाएका नेपालीहरूलाई एक्जिट भिसा दिएको हो ।

गैरकानुनी रूपमा रहेका आप्रवासी कामदारलाई स्वदेश फर्कन दिने नीतिअनुरूप साउदी अध्यागमनले विदेशी श्रमिकलाई एक्जिट भिसा दिइरहेको छ । यसै क्रममा तीन हजार २०० भन्दा बढी नेपालीले विभिन्न मितिमा एक्जिट भिसा पाइसकेको दूतावासले जनाएको छ ।

एक्जिट भिसाको प्रक्रिया निःशुल्क हुने भएकाले यसबापत कुनै पनि निकायमा शुल्क बुझाउनु नपर्ने दूतावासले जनाएको छ । तर, एक्जिट भिसा आइसकेपछि नेपाल फर्किने हवाई टिकट व्यक्ति स्वयंले व्यवस्था गर्नुपर्ने दूतावासले जारी गरेको सूचनामा उल्लेख गरिएको छ ।

इकामाको म्याद सकिएको तीन महिनाभन्दा बढी भइसकेका वा साउदी आएको तीन महिनाभन्दा बढी समयसम्म पनि इकामा प्राप्त नगरेका वा हुरूब लागेका व्यक्तिको मात्र एक्जिट भिसा प्रक्रिया अगाडि बढाइदिने दूतावासले प्रस्ट पारेको छ । साथै भिसा दिने सम्पूर्ण अधिकार साउदी अध्यागमन कार्यालयसँग मात्रै हुने बताइएको छ ।

यदि कुनै पनि अवस्थामा अप्ठ्यारोमा परेका नेपालीहरूले आवश्यक जानकारी र सहजीकरणका लागि रियादस्थित दूतावासको कार्यालय र जेद्दास्थित नेपाली महावाणिज्यदूतावासमा बिदाको दिनबाहेक कार्यालय समयभित्र सम्पर्क राख्न सकिने दूतावासले जनाएको छ ।




# ठमेललाई २४सै घण्टा खुला गर्ने निर्णयको विरोधमा स्थानीयवासी

**काठमाडौं (प्रस)**– काठमाडौंको प्रमुख पर्यटकीय गन्तव्य ठमेल बजार २४सै घण्टा खुला गर्ने निर्णयमा स्थानीयले असन्तुष्टि व्यक्त गरेका छन् । उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेको निर्देशनपछि जिल्ला प्रशासन कार्यालय काठमाडौंले ठमेल र दरबारमार्गलाई २४सै घण्टा खुला गर्ने तयारी गरेपछि ठमेल क्षेत्रका घरधनीले उक्त निर्णयको विरोध गरेका हुन् ।

ठमेलका घरधनीको शनिबार बसेको बैठकले ठमेललाई २४सै घण्टा खुलाउने निर्णयको विरोधमा जिल्ला प्रशासन कार्यालय र सरोकारवाला निकायमा ज्ञापनपत्र बुझाउने निर्णय गरेको हो । काठमाडौं महानगरपालिका-२६ का पूर्ववडाध्यक्ष विशम्भरलाल प्रधानले ठमेललाई २४सै घण्टा खुला गर्ने निर्णय गर्नुपूर्व यस क्षेत्रका समस्याबारेमा अध्ययन गर्नुपर्ने बताए । उनले कति क्षेत्रलाई ठमेल मान्ने भन्नेबारे पहिले यकीन गर्नुपर्ने उल्लेख गरे ।

ठमेलका स्थानीय सोजेशमान मालाकारले जिल्ला प्रशासन कार्यालयले ठमेल र दरबारमार्गलाई २४ सै घण्टा खुला गर्ने निर्णय गरी आचारसंहिता बनाउँदा यस क्षेत्रका घरबेटीलाई नसमेटेको भन्दै दुःख व्यक्त गरे । उक्त निर्णयले रातको समयमा यहाँका बासिन्दालाई सुत्न समस्या हुने उनले बताए । काठमाडौं महानगरपालिका वडा नं २६ का वडाध्यक्ष ख्यामराज तिवारीले स्थानीयवासीलाई समस्या हुनेगरी २४सै घण्टा ठमेललाई खुला गर्न समस्या हुने बताए । उनले २४सै घण्टा बजार खुलाउन आवश्यक मापदण्ड के हुन् भन्नेबारे पहिले यकीन हुनुपर्ने उल्लेख गरे ।

जिल्ला प्रशासन कार्यालय काठमाडौंले ठमेल र दरबारमार्ग क्षेत्रलाई चौबिसै घण्टा सञ्चालन गर्नका लागि व्यवसायी, उपभोक्ता र श्रमिकले पालना गर्नुपर्ने आचारसंहिता तयार गरेको छ । यस्तै, रात्रिकालीन समयमा मनोरञ्जनात्मक व्यवसाय गर्ने व्यवसायीले पालना गर्नुपर्ने आचारसंहिता तयार गरेको छ ।

जिल्ला प्रशासन कार्यालय काठमाडौंले रात्रिकालीन समयमा सञ्चालित बजार क्षेत्रको आन्तरिक तथा बाह्य सुरक्षा व्यवस्थाबारेमा मापदण्डमा समेटेको छ । मापदण्डबमोजिम कार्य भए/नभएको विषयमा अनुगमन, समन्वय तथा सहजीकरण नियमन गर्नका लागि सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा टोली बनाउने उल्लेख गरेको छ ।

बजार क्षेत्र व्यवस्थापन समिति, व्यवसायस्थलको सरसफाइ, यातायातको व्यवस्था, गुनासो प्राप्ति र सम्बोधन, श्रमिकको उजुरी एवं कारबाहीलाई आचारसंहिता तथा मापदण्डमा राखिएको छ ।

# कामपाले सुरु गऱ्यो 'ग्वलः दे फल्चा' को पुनरुत्थान

**काठमाडौं (प्रस)**– काठमाडौं महानगरपालिकाले जयवागेश्वरी नवाली टोलको 'ग्वलः दे फल्चा'को पुनरुत्थान कार्य सुरु गरेको छ । वि.सं. १९९० सालको भूकम्पपछि हराएको उक्त फाल्चा खोजेर महानगरपालिकाको वडा नं. ८ ले पुनरुत्थानको काम सुरु गरेको हो ।



फल्चा पुनर्निर्माण गर्न शनिबार वडाध्यक्ष एवं सम्पदा तथा पर्यटन समितिका संयोजक आशामान संगतले जग पूजा तथा शिलान्यास गरे । 'घरको भित्तामा पाइएको शिलापत्र अध्ययन र करिब ५० सालतिर तयार पारिएको विवरण पुस्तिकाको फोटो हेरेर फल्चा पुनरुत्थान गर्ने निर्णय गरेका हौं,' वडाध्यक्ष संगतले भने, 'शिलापत्रमा फल्चाको निर्माण नेपाल संवत् ८२० मा र पुनःनिर्माण ८७३ मा भएको उल्लेख छ । यसअनुसार फल्चा करिब ३२४ पुरानो हो ।' स्थानीय पाका मानिसहरूका अनुसार ९० सालको भूकम्पपछि फल्चा हराएको उनले बताए ।

पशुपति क्षेत्रलाई पहिले ग्वलः दे (ग्वल देश) भनिन्थ्यो । त्यही नामबाट फल्चाको नाम भएबाट यसको प्राचीनता बुझ्न सकिन्छ । फल्चा पुनरुत्थानका लागि वडाले करिब १५ लाख रूपैयाँ खर्च गर्ने जनाइएको छ । फल्चा १४ फिट लम्बाइ र साढे छ फिट चौडाइको हुने वडाध्यक्ष संगतले जानकारी दिए ।


बागमती प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय

स्वास्थ्य निर्देशनालय

## चौतारा अस्पताल सिन्धुपाल्चोक

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना !

**प्रथम पटक प्रकाशित मिति : २०८०/१२/१८ गते आइतबार ।**

बागमती प्रदेश सरकार, स्वास्थ्य मन्त्रालय, स्वास्थ्य निर्देशनालय, **चौतारा अस्पताल सिन्धुपाल्चोक**को लागि आ.व. २०८०/०८१ को स्वीकृत अस्थायी दरबन्दीहरूको रिक्त रहेको पदहरूमा करार सेवामा चिकित्सक तथा स्वास्थ्यकर्मी करार सेवा व्यवस्थापन सम्बन्धी कार्यविधि २०७८ वमोजिम पदपूर्ति गर्नुपर्ने भएकोले देहाय वमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूवाट यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र रितपूर्वक दरखास्त पेश गर्नुहुन सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । रित नपुगका दरखास्त उपर कुनै कारवाही हुने छैन ।

तपसिल

| विज्ञापन नं. | पद | श्रेणी/तह | सेवा | समूह | पद संख्या | शैक्षिक योग्यता | कैफियत |
|---|---|---|---|---|---|---|---|
| २/०८०/०८१ | क.ज.फिजिसियन | नवौं | स्वास्थ्य | मेडिसिन | १ | स्वास्थ्य सेवा ऐन २०५३ तथा नेपाल स्वास्थ्य नियमावली २०५५ ले निर्धारण गरे अनुसार । | स्वीकृत अस्थाई दरबन्दी |
| ३/०८०/०८१ | क. अब्स्ट्रेटिसियन तथा गाइनेकोलोजिष्ट | नवौं | स्वास्थ्य | अब्स.गाइने | १ | स्वास्थ्य सेवा ऐन २०५३ तथा नेपाल स्वास्थ्य नियमावली २०५५ ले निर्धारण गरे अनुसार । | स्वीकृत अस्थाई दरबन्दी |
| ४/०८०/०८१ | क. पेडीयाट्रेसियन | नवौं | स्वास्थ्य | पेडियाट्रीक्स | १ | स्वास्थ्य सेवा ऐन २०५३ तथा नेपाल स्वास्थ्य नियमावली २०५५ ले निर्धारण गरे अनुसार । | स्वीकृत अस्थाई दरबन्दी |
| ५/०८०/०८१ | नर्सिङ अधिकृत | सातौं | स्वास्थ्य | जनरल नर्सिङ | १ | स्वास्थ्य सेवा ऐन २०५३ तथा नेपाल स्वास्थ्य नियमावली २०५५ ले निर्धारण गरे अनुसार । | स्वीकृत अस्थाई दरबन्दी |
| ६/०८०/०८१ | एनेस्थेटिक सहायक | पाँचौ | स्वास्थ्य | विविध | १ | स्वास्थ्य सेवा ऐन २०५३ तथा नेपाल स्वास्थ्य नियमावली २०५५ ले निर्धारण गरे अनुसार । | स्वीकृत अस्थाई दरबन्दी |
| ७/०८०/०८१ | स्टाफ नर्स | पाँचौ | स्वास्थ्य | जनरल नर्सिङ | २ | स्वास्थ्य सेवा ऐन २०५३ तथा नेपाल स्वास्थ्य नियमावली २०५५ ले निर्धारण गरे अनुसार । | स्वीकृत अस्थाई दरबन्दी |
| ८/०८०/०८१ | फिजियोथेरापीष्ट सहायक | पाँचौ | स्वास्थ्य | फिजियो थेरापी | १ | स्वास्थ्य सेवा ऐन २०५३ तथा नेपाल स्वास्थ्य नियमावली २०५५ ले निर्धारण गरे अनुसार । | चौतारा साँगाचोकगढी नगरपालिकाको अनुदान सहयोगमा |

१. **छनौट प्रक्रिया** : सर्टलिष्ट र अन्तरवार्ता (सर्ट लिष्टबाट छनौट भएका व्यक्तिहरूलाई अन्तवार्तामा समावेश गरिने छ ।)
२. **उम्मेदवारको उमेरको हद** : सहायक तहको हकको लागि १८ वर्ष पूरा भई ३५ वर्ष नकाटेको (महिलाको हकमा ४० वर्ष नकाटेको) र अधिकृत तहको लागि २१ वर्ष उमेर पूरा भई ४५ वर्ष ननाघेको ।
३. **आवेदन साथ संलग्न गर्नुपर्ने कागजात** : (क) न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी (ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी (ग) सम्बन्धित काउन्सिलमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी (घ) चारित्रिक प्रमाणपत्रको प्रतिलिपी (ङ) कार्यानुभव र तालिमको कागजात एवं प्रमाणपत्रहरूको प्रतिलिपी
४. **आवदेन दस्तुत** : अधिकृतस्तर (नवौ) को परीक्षा दस्तुर रु. १५००।- अधिकृतस्तर (सातौ) को परीक्षा दस्तुर रु.१२००।- र सहायकस्तरको परीक्षा दस्तुर रु. ७००।- अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको नेपाल बैंक लिमिटेड चौतारा शाखामा रहेको खाता नं. ०५७००१००६५९८२८००००२ मा बुझाउन सकिनेछ ।
५. **तलव स्केल** : नेपाल सरकारको प्रचलित स्केल बमोजिम ।
६. **दरखास्त दिने अन्तिम मिति** : मिति २०८१/०१/०२ गते कार्यालय समय भित्र । उक्त दिन सार्वजनिक विदा परेका सो को भोलिपल्ट ।
७. **आवेदन वुझाउने स्थान** : कार्यालय समयभित्र अस्पतालको प्रशासन शाखामा बुझाउन सकिनेछ ।
८. **दरखास्त फारम** : अस्पतालको वेवसाइट chautarahospital.gov.np बाट डाउनलोड गरी वा अस्पताल प्रशासन शाखावाट प्राप्त गर्न सकिनेछ ।
९. **सम्पर्क मिति र स्थान** : दरखास्त पेश गर्ने अन्तिम मितिको भोलिपल्ट । चौतारा अस्पतालको प्रशासन शाखा ।
९. **परीक्षाको मिति** : पछि प्रकाशित गरिनेछ ।
१०. अन्तरवार्ता समयमा अनिवार्य रूपमा सक्कल शैक्षिक प्रमाणपत्र ल्याउनु पर्ने छ ।
११. **सेवा अवधि** : आ.व. २०८०/०८१ असार मसान्तसम्म (कार्य सम्पादन मूल्याङ्कनका आधारमा म्याद थप हुन सक्ने, रिक्त स्थायी पदपूर्ति भएमा करार सेवा स्वतः समाप्त हुनेछ) । रितपूर्वक नपरेका र समय नाघी आएका दरखास्त उपर कुनै कारवाही हुने छैन ।
१२. **थप जानकारीको लागि** : ०१-१६२०४६१, ९८५११७३०४६, ९८५१००८८०५ मा सम्पर्क गर्न सकिने छ ।

**निमित्त मेडिकल सुपरिटेन्डेन्ट**


## पृष्ठ १ बाट क्रमशः

### कांग्रेसले अडान...

त्यसको अघिल्लो दिन काठमाडौंमा आयोजित एक कार्यक्रममा सहकारी ठगी प्रकरणबारे आफू बहस गर्न कांग्रेससँग तयार गरेको बताएका थिए । उक्त बहस काठमाडौं-४ मा गर्दा उपयुक्त हुने उनको भनाइ थियो ।

जुन क्षेत्र कांग्रेस महामन्त्री गगन थापाको हो । संसद्मा थापाले गृहमन्त्री लामिछाने सहकारी ठगी प्रकरणमा मुछिएको प्रमाण नै भएकाले संसदीय समितिबाट छानबिन गर्नुपर्नेमा जोड दिएका थिए । जवाफमा लामिछानेले थापाकै चुनाव क्षेत्रमा बहस गर्न तयार रहेको बताए ।

उसो त पोखराको सूर्यदर्शनसहित चितवन र बुटवलका विभिन्न सहकारीबाट उनी यसअघि प्रबन्ध निर्देशक रहेको ग्यालेक्सी टेलिभिजनमा लगानी गरेको प्रमाण नै सार्वजनिक भइसकेको छ । लामिछानेले भने आफ्नो संलग्नतालाई अस्वीकार गर्दै आएका छन् । जबकि, पोखरामा त उनीविरुद्ध उजुरी नै परेको छ । सहकारीको अर्बौं बचत अपचलन गरेको आरोप लामिछानेमाथि छ । त्यही भएर कांग्रेस संसदीय छानबिन समितिको पक्षमा उभिएको हो ।

प्रधानमन्त्री दाहालले यसअघि संसद् बैठकमा जवाफ दिने क्रममा गृहमन्त्री लामिछानेविरुद्ध कहीं पनि किटानी उजुरी नपरेको र सहकारी ठगीमा संलग्न नभएको भन्दै 'क्लिन चिट' दिएका थिए । कांग्रेसलाई अनावश्यक राजनीति नगर्नसमेत प्रधानमन्त्री दाहालको चेतावनी थियो । सत्तारुढमध्येकै दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले पनि संसदीय समिति गठनको माग अनावश्यक भएको बताएका थिए । यसरी प्रधानमन्त्री दाहाल र एमाले अध्यक्ष ओली नै गृहमन्त्री लामिछानेको बचाउमा उत्रिएका छन् । कांग्रेससँगै राष्ट्रिय जनमोर्चाले लगातार राजीनामा मागिरहेका छन् ।

यसले रास्वपा प्रमुख सचेतक सन्तोष परियार ठीक मान्दैनन् । उनले कांग्रेसले उठाएको प्रश्नको जवाफ दिन लामिछाने तयार रहेको बताए । 'प्रतिपक्षले उठाएको विषयलाई प्रस्ट पार्नु सरकार र रास्वपाको जिम्मेवारी हो । सरकारको तर्फबाट प्रधानमन्त्रीले जवाफ दिइसक्नुभएको छ,' उनले भने, 'हामी प्रमुख प्रतिपक्षले चाहेको कुनै पनि बेलामा जवाफ दिन तयार छौं तर जवाफ सुन्नचाहिँ तयार हुनुपर्छ ।' सहकारी ठगी आरोपीसमेत रहेका लामिछानेले पनि कांग्रेसलाई संसद्मै जवाफ दिने बताइसकेका छन् । तर, कांग्रेस लामिछानेको जवाफ सुन्न तयार छैन ।

### जिल्लाभरिका एसइई...

यसले विद्यार्थीमा त्रासको वातावरण पैदा गरेको छैन ।' चालिस परीक्षार्थीमध्ये एक जना अनुपस्थित भएकाले अहिले ३९ जना परीक्षामा सहभागी भएका चपाईंले बताए । उनका अनुसार परीक्षा केन्द्र परिसरको सुरक्षाका लागि नेपाल प्रहरीका सात र सशस्त्र प्रहरी बलका सात गरी १४ जना सुरक्षाकर्मी परिचालन गरिएको छ । उक्त परीक्षा केन्द्रमा २३ छात्रा र १७ छात्र गरी कूल ४० विद्यार्थीले एसइईमा सहभागिता जनाउने गरी फाराम भरेकामा खुलातर्फका एक जना अनुपस्थित भएपछि ३९ परीक्षार्थीले परीक्षा दिइरहेका केन्द्राध्यक्ष श्यामकृष्ण पन्तले जानकारी दिए । उनका अनुसार प्रकाशज्योति माविबाट १९, लोकप्रिय माविबाट १७, अन्नपूर्ण माविबाट एक र लोकप्रिय माविबाट (खुला) दुई गरी ३९ जना सहभागी भएका छन् ।

लोकप्रिय माविमा परीक्षा केन्द्र कायम गरिकामा आवासीय विद्यालय भएकाले होहल्ला हुने तथा नजिकै पहिरो गएकाले समस्या हुनसक्ने भएपछि बालमन्दिर प्राविको हलमा परीक्षा सञ्चालन गरिएको पन्तले बताए । उनका अनुसार मनाङमा एउटै परीक्षा केन्द्र र एउटै परीक्षा हल कायम भएको छ । मर्यादित ढंगबाट परीक्षा सञ्चालन भएको जानकारी दिँदै उनले यस वर्षदेखि एसइई दिने विद्यालयका कोहीलाई पनि निरीक्षक तथा केन्द्राध्यक्ष नराखिएको बताए ।

'विगतका वर्षमा जुन परीक्षा केन्द्र हुन्थ्यो, त्यही विद्यालयका प्रधानाध्यापक केन्द्राध्यक्ष हुने र अन्य शिक्षक निरीक्षक बन्ने गरिएको थियो । यस वर्षदेखि उक्त व्यवस्थामा परिवर्तन गरेका छौं,' केन्द्राध्यक्ष पन्तले भने, 'थोरै विद्यार्थी भएकाले दुई जना निरीक्षक राखेर परीक्षा सञ्चालन गरिरहेका छौं ।' प्रमुख जिल्ला अधिकारी सुवासकुमार लामिछाने र शिक्षा विकास तथा समन्वय एकाइका प्रमुख चपाइँले अनुगमन गर्दै आएका छन् । परीक्षा हलमा तस्बिर खिच्न निषेध गरिएको छ । *रासस*

### चुनावमय इलाम...


जसले मुलुकको यो हालत बनाए, उनैलाई भोट त म दिन्नँ भन्नुस्,' उनले इलाम पुगेर भने, 'म स्पष्ट आग्रह गर्छु तपाईंहरूलाई पार्टी त्याग्न पर्दैन, अब घण्टी चुनाव चिह्न आएको छ, अब सोच्नु पर्दैन ।' लामिछानेले हालसम्म व्यक्ति र पार्टीले मात्रै इलामबाट चुनाव जितेको बताए । जनता र इलामले चुनाव जितेको भए इलामवासी समस्यैसमस्यामा गुज्रिनु पर्दैनथ्यो भनेका छन् । रास्वपा उम्मेदवार लिम्बूले पनि आफू इलामे माटो, अबकरे, अर्थोडक्स चियाको उम्मेदवार भएको बताउँदै मत दिन आग्रह गरे । जनमतको सम्मान गर्ने र इलामे जनताप्रति अति बफादार हुने पनि बताए ।

इलाम-२ को उपचुनावमा एमालेबाट सुहाङ नेम्बाङ उम्मेदवार छन् । उनले पनि घरदैलो अभियान सुरु गरेका छन् । जनवादी गीत बजाउँदै उनी घरदैलो अभियानमा छन् । उनी आफ्नै पिता स्वर्गीय सुवासचन्द्र नेम्बाङको चुनाव क्षेत्रमा एमाले उम्मेदवार बनेका हुन् । उनी पेसाले अधिवक्तासमेत हुन् । हालै राजनीतिमा सक्रिय भएका सुहाङले आफ्नो पक्षमा चुनावी माहोल बनाउन प्रयसा गरिरहेका छन् ।

गत वर्षको मंसिरमा भएको प्रतिनिधिसभा चुनावमा दोस्रो स्थान हासिल गरेको कांग्रेसबाट भने उम्मेदवार टुंगो लागेको छैन । सहमहामन्त्री भीष्मराज आङ्देम्बेका अनुसार आइतबार कांग्रेस संसदीय बोर्डको बैठक बस्दै छ । बोर्डको बैठकले उम्मेदवार टुंगो लगाउने उनले बताए । त्यहाँ यसअघि चुनाव लडेका इलाम कांग्रेस सभापति डम्बर खड्कादेखि नेताहरू भेषराज आचार्य, केशव थापा, रमेश लिङ्देनलगायत चुनावी मैदानमा छन् । पार्टी सभापति शेरबहादुर देउवाले यसपटक चुनाव जित्ने उम्मेदवार अघि सार्ने बताउँदै आएका छन् । बुधबारमात्रै आकांक्षीहरूसँग उनले सम्वाद गरेका थिए ।

राजेन्द्र लिङ्देन नेतृत्वको राप्रपाले भने त्यहाँ लक्ष्मी गुरुङलाई उम्मेदवार बनाएको छ । पहिचान पक्षधरहरूले प्रदेश १ पुनःनामंकन संघर्ष समिति संयोजक डकेन्द्रसिंह थेगिमलाई उम्मेदवार बनाइसकेको छ । माओवादी केन्द्रले केन्द्रमा आकांक्षीहरूको नाम पठाइसकेको छ । तर, उम्मेदवार टुंगो लगाएको छैन । यहीबीच एमाले अध्यक्ष केपी शर्मा ओलीले माओवादीले सुहाङलाई समर्थन गर्ने बताएका छन् । उपनिर्वाचन १५ वैशाखमा हुने छ ।

## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

चैत १८ गते २०८०, आइतबार

| | |
|---|---|
| **मेष** | घरको सामान्य मनोरञ्जनमा सहभागिता भइनेछ । |
| **वृष** | मानसिक चिन्ता बढेपनि श्रमको उचित मल्यांकन हुनेछ । |
| **मिथुन** | प्रेम सम्बन्ध कसिलो हुँदै जानेछ |
| **कर्कट** | नयाँ उद्योग वा रचनात्मक काममा जुट्ने समय छ । |
| **सिंह** | प्रेमी र प्रेमिकाको सहयोग मिल्नेछ । |
| **कन्या** | राज्य र समाजबाट सहयोग मिल्नेछ । |
| **तुला** | स्वादिष्ट भोजनको अवसर प्राप्त हुने योग छ । |
| **वृश्चिक** | चिताएको र गरेको कार्यमा सफलता पाइनेछ । |
| **धनु** | परिवारसँग समय बिताउने अवसर जुट्नेछ । |
| **मकर** | कार्य सम्पादनमा सहजता मिल्नेछ । |
| **कुम्भ** | सामान हराउने वा चोरी हुने भय छ । |
| **मीन** | वैदेशिक कारोबारमा अधिक सफलता मिल्नेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालय/शववाहन सेवा (काठमाडौं) | ४२५५५४०/४२५५५४१ |
| भक्तपुर रेडक्रस एम्बुलेन्स/रक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

चैत १८ गते, २०८०, ३१ मार्च, २०२४

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३३.१५ | १३३.७५ |
| युरो | १ को | १४३.६६ | १४४.३१ |
| पाउन्ड स्टिर्लङ | १ को | १६७.९४ | १६८.६९ |
| स्विस फ्रैन्क | १ को | १४७.६७ | १४८.३४ |
| अस्ट्रेलियन डलर | १ को | ८६.७१ | ८७.१० |
| क्यानाडियन डलर | १ को | ९८.२५ | ९८.६९ |
| सिंगापुर डलर | १ को | ९८.७० | ९९.१४ |
| जापानी येन | १० को | ८.८० | ८.८४ |
| चिनियाँ युआन | १ को | १८.४४ | १८.५२ |
| साउदी अरब रियाल | १ को | ३५.५० | ३५.६६ |
| कतारी रियाल | १ को | ३६.५१ | ३६.६८ |
| थाई भाट | १ को | ३.६६ | ३.६८ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.२६ | ३६.४२ |
| मलेसियन रिङेट | १ को | २८.१८ | २८.३१ |
| दक्षिण कोरियन वन | १०० को | ९.८८ | ९.९३ |
| स्विडिस क्रोनर | १ को | १२.४५ | १२.५० |
| डेनिस क्रोनर | १ को | १९.२६ | १९.३५ |
| हङकङ डलर | १ को | १७.०१ | १७.०९ |
| कुवेती दिनार | १ को | ४३२.७७ | ४३४.७२ |
| बहराइन दिनार | १ को | ३५३.१७ | ३५४.७७ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट धधध।लचद।यचन।लउ मा उपलब्ध हुनेछ ।

# शोकमा डुब्यो पौवाखेत

- काठमाडौंबाट गोरखा फर्किंदै गरेको ट्याक्सी त्रिशूलीमा खसेर दुर्घटना
- एकै परिवारका पाँच जनाको मृत्यु, एक जना बेपत्ता



**टचाक्सी खसेर दुर्घटना भएपछि त्रिशूलीमा डुबेका यात्रुका शव निकाल्दै सुरक्षाकर्मीसहितको उद्धार टोली ।**

*तस्बिरः रासस*

**गोरखा–** जिल्लाको गोरखा नगरपालिका-७ पौवाखेतका ४० वर्षीय शंकर रोकाको शुक्रबार क्यान्सरबाट मृत्यु भएपछि ७० वर्षीया आमा जुनकिरी रोकासहित सिंगो परिवार शोकमा परेको थियो । उपचारका क्रममा राजधानी काठमाडौंमा निधन भएका शंकरको पशुपति आर्यघाटमा शुक्रबार राति अबेर दाहसंस्कार गर्न गाउँबाट काठमाडौं गएकी आमा जुनकिरीसहित सबै परिवार र आफन्त पशुपति आर्यघाटमा पुगे ।

अल्पायुमै छोराको निधनले मर्माहत भएकी जुनकिरी छोराको दाहसस्कारको काम सकेर गाउँमै काजकिरिया गर्न तीनवटा गाडी लिएर सपरिवार गोरखा फर्कंदै थिइन् । घर फर्कंदै गरेका तीन गाडीमध्ये दुई गाडी मुग्लिन पुगेर रोकियो । मृतकका आमा जुनकिरी, दिदीबहिनी, ज्वाइँ, छोरा र भाञ्जा चढेर फर्कंदै गरेको बा२ज ४१९६ नम्बरको टचाक्सी आइपुगेन ।

निक्कैबेर प्रतीक्षापछि पनि गाडी नआएपछि अनेक शंकाउपशंका बढ्दै गयो । मुग्लिन पुगेका आफन्तले प्रहरीलाई जानकारी गराए । तत्काले चितवनको इच्छाकामना गाउँपालिका-५ स्थित सिमलधारा नजिकै बा२ज ४१९६ नम्बरको टचाक्सी त्रिशूली नदीमा खसेर दुर्घटनामा परेको जानकारी प्रहरीमा आएपछि रोका परिवारमा अर्को बज्रपात पर्‍यो ।

घटनालगत्तै आफन्त र परिवार घटनास्थलमा पुगे । प्रहरीले दुर्घटनास्थलबाट पाँच जनाको शव निकाल्यो । घटनामा परेका एक जना अझै बेपत्ता छन् । क्यान्सरबाट निधन भएका छोराको गाउँमै काजकिरिया गर्न भनेर टचाक्सीमा घर फर्कंदै गरेकी आमा जुनकिरी दुई छोरी, एक नाति र ज्वाइँसँगै अब कहिल्यै गाउँ फर्कने छैनन् ।

जुनकिरीसहित दुर्घटनामा ज्यान गुमाएकामा उनकी जेठी छोरी ४१ वर्षीया हरिमाया उपरकोटी, कान्छी छोरी २८ वर्षीया अञ्जना रोका, माइला ज्वाइँ ३५ वर्षीय अर्जुन सिर्मल, नौ वर्षीय नाति आगमन उपरकोटी (मृतक हरिमायाका छोरा) भएको वडाध्यक्ष विष्णु श्रेष्ठले जानकारी दिए । दुर्घटनामा परी बेपत्ता भएका १८ वर्षीय दिवस रोका क्यान्सर रोगबाट निधन भएका शंकरका छोरा हुन् ।

मृतक पाँचै जनाको शव गोरखा अस्पतालमा ल्याएर परीक्षण गरिएको वडाध्यक्ष श्रेष्ठले जानकारी दिए । दुर्घटनामा परी रोका परिवारमा पाँच जनाको मृत्यु र एक बेपत्ता भएको घटनाले अहिले सिंगो पौवाखेत शोकमा डुबेको छ । अस्पतालमा परिवार र आफन्तलाई सान्त्वना दिन पुगेकाहरूसमेत बोल्न र सम्झाउन सक्ने अवस्था नरहेको वडाध्यक्ष श्रेष्ठले बताए । *रासस*

# दिसाजन्य लेदो व्यवस्थापनका लागि अस्थायी केन्द्र सञ्चालन

**नेपालगञ्ज (प्रस)–** बाँकेको नेपालगञ्ज उपमहानगरपालिका-२० स्थित बाबाघाटमा दिसाजन्य लेदो व्यवस्थापनका लागि अस्थायी ट्रेञ्च केन्द्र सञ्चालनमा आएको छ । केन्द्र सञ्चालनमा आएपछि नेपालगञ्जमा दिसाजन्य लेदो व्यवस्थापनको समस्या अन्त्य भएको उपमहानगरपालिकाले जनाएको छ ।

उपमहानगर प्रमुख प्रशान्त विष्ट र गैरसरकारी संस्था एसएनभी नेपालकी वास नेता (लिडर) नादिरा ख्वाजाले संयुक्त रूपमा दिसाजन्य लेदो व्यवस्थापन क्षेत्रको शुभारम्भ गरे । उपमहानगरसँगको समन्वयमा एसएनभी नेपालले 'स्वास्थ्य तथा विकासका लागि नगर सरसफाइ तथा स्वच्छता कार्यक्रम'अन्तर्गत निर्मित अस्थायी ट्रेञ्च केन्द्र उपमहानगर हस्तान्तरण गरेको हो ।

हस्तान्तरण कार्यक्रममा नगरप्रमुख विष्टले उपमहानगरले अस्थायी रूपमा दिसा विसर्जन गर्ने ठाउँ निश्चित गरेर सञ्चालनमा ल्याएपछि खुला ठाउँमा दिसाजन्य फोहोर फाल्नुपर्ने बाध्यात्मक अवस्थाको अन्त्य भएको बताए । उनले खुला ठाउँमा दिसाजन्य फोहोर फाल्दा त्यसले पानीको सतहलाई प्रदूषित पार्ने र संक्रामक रोगको महामारी फैलिने जोखिम हटेको उल्लेख गरे ।

'घरजन्य र स्वास्थ्यजन्य फोहोर व्यवस्थापन साइट यसअघि नै बनिसके पनि दिसाजन्य लेदो व्यवस्थापन कसरी गर्ने भन्ने समस्या थियो । आज अस्थायीरूपमै भए पनि संरचना बनेको छ,' प्रमुख विष्टले भने । केन्द्र बनाउनका लागि डम्पिङ साइट क्षेत्रमा विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) बनाएर काम अगाडि बढेको र संघीय सरकारसँग पनि सहयोग मागेको जानकारी दिँदै अस्थायी ट्रेञ्च केन्द्रको नियमन र अनुगमन गर्न संयन्त्र बनाइने उनले बताए ।

एसएनभीकी वास टोली नेता ख्वाजाले नेपालगञ्ज उपमहानगरको सुरक्षित दिसाजन्य लेदो व्यवस्थापनको प्रयासलाई सहयोग पुर्‍याउने विश्वास व्यक्त गरिन् । उनले नेपालगञ्जलाई स्वास्थ्यजन्य हिसाबले सुरक्षित बनाउन यसले भूमिका खेल्ने उल्लेख गरिन् ।

२४ लाख रूपैयाँ लागतमा निर्माण गरिएको दिसाजन्य लेदो व्यवस्थापनका लागि अस्थायी केन्द्रको जग्गा पाँच वर्षका लागि लिजमा लिइएको उपमहानगरले जनाएको छ । दुई बिघा क्षेत्रफलमा रहेको अस्थायी केन्द्रमा १७ खाल्डा खनिएका छन् ।

एसएनभीका कन्सल्टेन्ट इञ्जिनियर मुनबहादुर खड्काका अनुसार दिसाजन्य लेदो व्यवस्थापन गर्न ४० मिटर लम्बाइ, दुई मिटर उचाइ र १.२० मिटर चौडाइ भएका खाल्डा खनिएका छन् । सो क्षेत्रलाई तारजाली लगाएर सुरक्षित बनाइएको छ । द्रुत गतिमा काम गरेर एक महिनामै ट्रेञ्च केन्द्रको निर्माण सम्पन्न गरिएको उनले जानकारी दिए ।

# 'शान्ति प्रक्रिया टुंग्याउन राष्ट्रिय सहमति जुटाउँछौं'

**काठमाडौं (प्रस)–** प्रधानमन्त्री पुष्पकमल दाहालले शान्ति प्रक्रिया टुंगोमा पुर्‍याउन र विकास तथा समृद्धिका लागि राष्ट्रिय सहमति जुटाउन आफू प्रयासरत रहेको बताएका छन् । रिपोटर्स क्लबको २६औं वार्षिकोत्सवका अवसरमा आयोजित कार्यक्रममा प्रधानमन्त्री दाहालले शान्ति प्रक्रिया र संवैधानिक परिषद्का विषयमा शनिबार नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली र नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवासँग छलफल गर्न लागेकोसमेत बताए ।

'शान्ति प्रक्रिया र संवैधानिक परिषद्सँग सम्बन्धित विषयमा आज गम्भीर छलफल गर्दैछौं । सकेसम्म मेरो कोसिस सबै राजनीतिक दललाई सहमतिमा ल्याएर राष्ट्रिय सहमति र समझदारीको वातावरण बनाउनु नै हो,' प्रधानमन्त्री दाहालले भने, 'कहिले नेपाली कांग्रेससँग नजिक हुँदा एमालेका र एमालेसँग नजिक हुँदा कांग्रेसका साथीहरूले मन दुखाउनुभएको छ । हामीलाई चाहिएको सुशासन र समृद्धि हो । त्यसका लागि राष्ट्रिय सहमतिको वातावरण बनाउन सकेनौं भने निकै अप्ठचारो स्थितिको सामना हामीले गर्नुपर्नेछ ।'

सुशासन, समृद्धि र सामाजिक न्यायको पक्षमा केही मानकहरू स्थापित गर्ने तथा अन्तर्राष्ट्रिय जगत्मा नेपालको आवश्यकता के हो भन्ने कुरालाई मुखारित गर्न वर्तमान सरकार प्रयासरत रहेको दाहालको भनाइ छ ।

'नयाँ संविधान निर्माणपछि देश अहिले संघीय लोकतान्त्रिक गणतन्त्र कार्यान्वयनको अभ्यासमा छ । संघीय प्रणालीअनुसार आवश्यक ऐन, कानुनको तर्जुमा गर्दै लोकतान्त्रिक व्यवस्थालाई सुदृढ बनाउनु आजको राष्ट्रिय कार्यभार बन्न पुगेको छ । वैदेशिक सम्बन्धलाई सन्तुलनमा राख्दै आफ्नो आर्थिक समृद्धिको दिशामा अग्रसर हुनुपर्ने चुनौती हाम्रासामु छन्,' प्रधानमन्त्री दाहालले भने ।

तीन तहको सरकारका बीचमा आयोजना छनोटमा देखिएको अराजकता हटाउने र उत्पादन, उत्पादकत्व तथा रोजगारी वृद्धि गर्नेगरी आगामी आर्थिक वर्षको बजेट ल्याइने पनि उनले बताए । सरकार पूर्ण स्वतन्त्रताको पक्षमा रहेको तथा सञ्चारमाध्यम र सञ्चारकर्मीको हितका निम्ति प्रतिबद्ध रहेको बताउँदै प्रधानमन्त्री दाहालले आमसञ्चार माध्यममा सबै जाति, वर्ग, भाषा र समुदायको पहुँच बढ्नेगरी सञ्चार नीतिमा पुनरवलोकन गर्न लागिएको उल्लेख गरे ।

पूर्वप्रधानमन्त्री एवं एमाले अध्यक्ष ओलीले पत्रकारिता क्षेत्रमा लागेका व्यक्तिहरूले आफ्नो व्यावसायिक सिद्धान्त र धर्म निभाउनुपर्ने आवश्यकता औंल्याए । पत्रकारिता क्षेत्रमा र मुलुकका विभिन्न राजनीतिक घटनाक्रमका बेला रिपोटर्स क्लबले महत्त्वपूर्ण भूमिका खेलेको ओलीको भनाइ छ ।

राष्ट्रिय प्रजातन्त्र पार्टीका नेता डा. प्रकाशचन्द्र लोहनीले मुलुकमा राजनीतिक स्थिरताविना आर्थिक विकास सम्भव नरहेको बताए । नयाँ संविधान जारी हुँदै गर्दा सबै राजनीतिक दलले सेवा प्रवाह सहज बनाउने, आर्थिक सुशासन कायम गर्ने, विकास तथा समृद्धि कायम गर्ने भनेकामा त्यसो हुन नसकेको उनको भनाइ छ । उनले कृषि र औद्योगिक क्षेत्र विकास घट्दै गएको भन्दै पुँजीगत खर्च गर्ने क्षमता कम भएको तथा सार्वजनिक संस्थानहरू धरासायी बन्दै गएको बताए ।


## कम्पनी अद्यावधिक, नाम परिवर्तन तथा उद्देश्य थप/संशोधन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०८०/१२/१८ गते**

यस कम्पनीको मिति २०८०/१२/०२ को विशेष एकल साधारण सभाको निर्णय बमोजिम कम्पनीको साविकको नाम **के.एस. केमिकल मल्टिपर्पोज प्रा.लि.**को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु सम्पूर्ण कर दायित्व आदि **के.एस. फाइबर कम्पनी प्रा.लि.** (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८०/१२/०७ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **के.एस. फाइबर कम्पनी प्रा.लि.** (प्रा.लि.नं.२७१२३३) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराईन्छ ।

## निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित २०८०/१२/१८ गते)

तुलबीर गाहाको नाति नरमती गाहा मगर/खडग बहादुर गाहा मगरको छोरा मनसरी गाहाको श्रीमान नवलपरासी जिल्ला हुप्सेकोट गा.वि.स, वडा नं. ४ (हाल नवलपरासी जिल्ला हुप्सेकोट गाउँपालिका. वडा नं. ६) बस्ने मान बहादुर गाहा मगर(ना.प्र.नं ६/५०७, जारी मिती २०४५/०२/०४, जिल्ला प्रशासन कार्यालय, नवलपरासी)को मिति २०८०/०८/२७ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको अरुणखोला शाखामा रहेको बचत खाता मान बहादुर गाहा मगरको खाता नं.१३१०२८८०१७८००००१मा रहेको मौज्दात रकम भुक्तानी पाऊँ भनी निज खातावालाको श्रीमतीले यस बैंकको अरुणखोला शाखा कार्यालयमा दावी गर्नुभएको हुँदा, उक्त निक्षेप उपर दावीकर्ता बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सवुत प्रमाण कागजसहित यस बैंकको शाखा कार्यालय अरुणखोलामा हकदावी गर्न आउनुहोला । म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगी परेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराउँदछौ ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**शाखा कार्यालय अरुणखोला, नवलपरासी फोन नं. ०७८-५५५२९६**

## खाँडादेवी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**माकादुम, रामेछाप**
**बागमती प्रदेश, नेपाल**

## बोलपत्र आह्वान सम्बन्धी सूचना !!!

**प्रथम पटक सूचना प्रकाशन मितिः २०८०/१२/१८**

यस खाँडादेवी गाउँपालिकाको आ.व. २०८०/८१ मा स्वीकृत कार्यक्रम बमोजिम तपशिल बमोजिमको कार्य बोलपत्रको माध्यमबाट गराउनुपर्ने भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ तथा खरिद नियमावली २०६४ बमोजिम इजाजत प्राप्त निर्माण व्यवसायीहरू सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपशिल**

| क्र.स. | ठेक्का नं. | ठेक्काको विवरण | लागत अनुमान अंक रु. (पि.एस. र मु.अ.क. सहित) | बोलपत्र फारम दस्तुर रु. | बोलपत्र जमानत बापतको रकम | बोलपत्रको मान्य अबधि (बोलपत्र खोलेको मिति बाट) | बोलपत्र जमानतको अबधि (बोलपत्र खोलेको मिति बाट) |
|---|---|---|---|---|---|---|---|
| १. | MS-KRM-NCB-WORKS-04-080/81 | Kendrabat Chhanaut Bhayeka Namuna Bidyalaya tatha Bishesh Bidyalaya ko Bhawan Nirman tatha Purbadhar Byabasthapan Anudan | ४६,९०,८०१.७८/- | ३,०००.००।- | १,३०,०००.००/- ९० दिन | ९०दिन | १२० दिन |

१. यो सूचना प्रकाशित भएको मितिले ३१औं दिनभित्र उपयुक्त बमोजिमको दस्तुर तिरी www.bolpatra.gov.np बाट खरिद गर्न सकिनेछ ।
२. बोलपत्रसँग सम्बन्धित अन्य सम्पूर्ण जानकारीको लागि यस खाँडादेवी गाउँपालिकाको वेबसाइट https://khandadevimun.gov.np मा हेर्न सकिनेछ ।
३. बोलपत्र सम्बन्धित अन्य कुरा बुझ्नु परेमा सम्पर्क नं. ९८६००७५५२५, ९८५४०४३७४०, ९८५२८४९४४९ मा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**
**गौरवराज के.सी.**

## Bardibas Municipality
## Office of Municipal Executive

**Bardibas, Mahottari**
**Madhesh Province, Nepal**

## Invitation for Bids

**First Date of publication:- 2080/12/18 (2024/03/31)**

1. The Bardibas Municipality, Bardibas, Mahottari invites electronic bids from eligible bidders for the following Construction works.

| S.N. | Contract ID No. | Description of Works | Total Estimated Amount (Excluding VAT and PS) | Bid Security Amount (NRs.) | Validity of Bid Security (Days) | Bid Documents Fee (NRs.) |
|---|---|---|---|---|---|---|
| 1. | BM/NCB/Works/ 2080/081-09 | Construction of black top from Ram Kumar Mahato House to Dhani Ram mahato's House through Ward Office Road | NRs. 4280762.60 | NRs. 125000.00 | 120 | NRs.3000.00 |
| 2. | BM/NCB/Works/ 2080/081-10 | Construction of black top from Sub-station to Banke Khola through Bharat tole Road | NRs. 4323144.10 | NRs. 125000.00 | 120 | NRs.3000.00 |
| 3. | BM/NCB/Works/ 2080/081-11 | Construction of black top from Ba. Na. Pa. 7 Army Barrack to East Ganga Mahato's House Road | NRs. 4323144.10 | NRs. 125000.00 | 120 | NRs.3000.00 |
| 4. | BM/NCB/Works/ 2080/081-12 | Construction of black top from Ba. Na. Pa. 4 Bhapsi Dhalan Road to Raj Kumar's House through Changli tole up to Transformer Road | NRs. 3449781.66 | NRs. 100000.00 | 120 | NRs.3000.00 |
| 5. | BM/NCB/Works/ 2080/081-13 | Continuation of black top road through Sashatra camp to Naya Tole Road | NRs. 3449781.66 | NRs. 100000.00 | 120 | NRs.3000.00 |

2. Eligible Bidders may obtain further information from the Bardibas Municipality, Bardibas, Mahottari during office hour and inspect the bidding documents at the PPMO website **www.bolpatra.gov.np/egp**.
3. Electronic bids must be submitted electronically through PPMO website **www.bolpatra.gov.np/egp** on or before **12:00 Hrs. on 2081/01/18.** Bids received after this deadline will be rejected.
4. The bids will be opened at **13:00 Hrs. on 2081/01/18** at the office of Bardibas Municipality, Bardibas, Mahottari.
5. Bardibas Municipality reserves the right to reject or accept or cancel any bid partially or fully without assigning any reasons, whatsoever.

**Chief Administrative Officer**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# दिगो रोजगारी सिर्जनामा प्राथमिकता देऊ

**सरकारले प्रत्येक वर्ष आफ्नो नीति तथा कार्यक्रममा युवालाई स्वदेशमै रोजगारीको अवसर दिलाउने घोषणा गर्छ । तर, ठोस योजनासहितको कार्यक्रम बजेटमा समेट्न सक्दैन । कार्यकर्ता पोस्ने लक्ष्यका साथ रोजगारीका कार्यक्रम ल्याइन्छ । प्रधानमन्त्री रोजगार कार्यक्रम, युवा स्वरोजगार कार्यक्रमलगायत यसका उदाहरण हुन् । राज्यको ठूलो धनराशि खर्च हुने यस्ता कार्यक्रमले दीर्घकालीन रोजगारीको अवसर सिर्जना गर्न नसक्ने प्रमाणित भइसकेको छ ।**

**यतिबेला सरकार आगामी आर्थिक वर्षको बजेट तयारीमा जुटेको छ । सत्ता गठबन्धनका दलहरूले न्यूनतम साझा कार्यक्रम सार्वजनिक गरिसकेका छन् । त्यसमा पनि गठबन्धन टिकाउनेबाहेक ठोस नयाँ कार्यक्रम छैन । यद्यपि, त्यही न्यूनतम साझा कार्यक्रमकै आधारमा आगामी आर्थिक वर्ष २०८१/८२ को बजेट आउने निश्चित छ । त्यस हिसाबले आगामी बजेटले पनि मुलुकलाई सही दिशामा अगाडि बढाउनेमा ढुक्क हुने अवस्था छैन ।**

**अर्थमन्त्री वर्षमान पुनले बजेट लेखनका लागि अर्थ मन्त्रालयका राजस्व व्यवस्थापन महाशाखा प्रमुख धनीराम शर्माको संयोजकत्वमा छ सदस्यीय समिति बनाएर जिम्मेवारी दिइसकेका छन् । समितिले अब आगामी १५ जेठमा संघीय संसद्मा प्रस्तुत हुने आव २०८१/८२ को बजेट लेखनको काम सुरु गर्ने छ । बजेट तयारी चलिरहँदा सरोकारवालाको सुझाव माग्ने र सरोकारवालाले सुझाव दिने क्रम जारी छ ।**

**आगामी बजेट मुलुकमा दिगो रोजगारी सिर्जना गर्ने योजनामा केन्द्रित हुन जरुरी छ । अहिले रोजगारीका लागि दैनिक हजारौं युवा विदेशिन बाध्य छन् । सरकारले वैदेशिक रोजगारीलाई जुन प्राथमिकतामा राखेर काम गरिरहेको छ, अब यो क्रम बिस्तारै घटाउनुपर्छ । वैदेशिक रोजगारीलाई भन्दा पनि स्वदेशमै रोजगारी दिन सके युवा जनशक्ति मुलुकमै अडिने निश्चित छ । यसका लागि उत्पादनमूलक क्षेत्रलाई प्रवर्द्धन गर्ने गरी बजेट आउनुपर्छ । लगानीको वातावरण निर्माण गरी स्वरोजगार बन्ने अवसर दिलाउनुपर्छ ।**

**अहिले मुलुकको अर्थतन्त्रमा रेमिटचान्सको योगदान प्रमुख रूपमा रहेको कुरालाई नकार्न सकिन्न । राजस्व लक्ष्यअनुसार संकलन गर्न नसकेको तथा निर्यात बढाउन नसक्दा मुलुकको आम्दानीभन्दा खर्च बढी भइरहेको वर्तमान सन्दर्भमा रेमिटचान्सले नै अर्थतन्त्रलाई धान्ने काम गरेको छ । तर, रेमिटचान्समा आधारित अर्थतन्त्र दिगो हुन सक्दैन । त्यसैले उत्पादनमा जोड दिँदै अर्थतन्त्रलाई दिगो बनाउनेतर्फ बजेट केन्द्रित हुनुपर्छ । यो भन्दा उत्तम विकल्प रेमिटचान्स हुन सक्दैन । हुन त रेमिटचान्सले धानेको अर्थतन्त्रलाई एकैपटक परिवर्तन गर्न सम्भव छैन । तर, बिस्तारै यसतर्फ अगाडि बढ्ने लक्ष्यका साथ योजना र त्यसलाई कार्यान्वयन गर्ने बजेट निर्माण गर्न आवश्यक छ ।**

# नेपालको वैदेशिक व्यापारमा हवाई ढुवानी सेवा



▶▶ डा.सुमनकुमार रेग्मी

समय-समयमा परिवर्तन हुने हवाई ढुवानी दर नेपालका लागि उपयुक्त देखिँदैन । हवाई ढुवानी सेवाको आफ्नो दर हुन्छ जुनबेला मन लाग्यो उहीबेला ढुवानी दर बढाउने गरेकोले अन्तर्राष्ट्रिय हवाई ट्राफिक संघको ढुवानी दर भूपरिवेष्ठित देशका लागि उपयुक्त देखिँदैन । नेपालजस्ता भूपरिवेष्ठित देशहरूका लागि अन्तर्राष्ट्रिय हवाई ट्राफिक संघलाई छुट्टै हवाई ढुवानी दर लागू गर्नुपर्दछ । यो माग विश्व व्यापार संगठनमार्फत उठाउन जरुरी छ ।

विकट भौगोलिक वनोट र भूपरिवेष्ठित स्थितिको कारणबाट उत्पन्न ढुवानी समस्यालाई सम्बोधन गर्न नेपालले स्थलगत, सामुद्रिक तथा हवाई तीनवटै मार्गको प्रयोग गर्नुपर्छ । यसका लागि बहुउद्देश्यीय ढुवानी कन्टेनरको व्यवस्था हुनुपर्दछ । स्थलगत, सामुद्रिक तथा हवाई तीनवटा मार्गबाट हुने कार्गोबारे अध्ययन-अनुसन्धान गरिनुपर्दछ । स्थलगत, सामुद्रिक तथा हवाईमार्गबाट हुने ढुवानीका लागि उपयुक्त सर्वेक्षण गर्नुपर्ने देखिन्छ । हवाई मार्गबाट पठाइने ढुवानी सम्बन्धमा जानकारी उपलब्ध गराई निर्यात व्यवसायलाई छिटो छरितो तुल्याउनु आवश्यक छ । नेपालमा हवाई ढुवानीको विकास तथा विस्तारका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरूसँग साझेदारी बढाउनुपर्ने देखिन्छ ।

नेपाल वायु सेवा तथा अन्य हवाईसेवा प्रदायकहरूले नेपाल हवाई ट्राफिक संघलगायत अन्तर्राष्ट्रिय हवाई ट्राफ्रिक संघसँग निकटतम सम्बन्ध राखी फेटसम्बन्धी समस्याहरू आपसी सम्झौता-छलफलबाट समाधान गर्नुपर्ने देखिन्छ । नेपालको निकासीयोग्य वस्तुहरूको ढुवानी व्यवस्था मुख्यतः हवाईमार्गबाट नै कहिलेकाहीँ भएको देखिन्छ । देशको एकमात्र अन्तर्राष्ट्रिय हवाईस्थलबाट हलुका वस्तुहरू आयात भएको देखिन्छ ।

विमानस्थलबाट आयात-निर्यात हुने बिरुवा र बिरुवाजन्य वस्तुहरूका मापदण्ड अनुगमन गर्ने निकायको प्लान्ट क्वारेन्टिन चेकपोस्टमा स्ट्रबेरीका बिरुवा, सतुवा, ताजा फलफूल, बिरुवाजन्य वस्तुहरू, तरकारी, बीउ आदि आयात हुने देखिन्छन् । नेपालमा फूलको बीउ अमेरिका, जर्मनी, जापान, ग्वाटेमाला, हल्याण्डलगायत देशबाट आयात भएको देखिन्छ । यी देशबाट आयात हुने फूलका बीउ अधिकांश नर्सरीहरूका लागि हुन्छन् । त्यसैगरी हवाई ढुवानीबाट चिया, च्याउ, कफी दाना, सतुवा, काठका सामान, खाद्यसामग्री, फूलको बीउ, हर्रो, गहतको दाल, आलस, घाँसको बीउ, जिम्बु, टिमुर, चिराइतो, ताजा तरकारी र रुद्राक्ष-भद्राक्ष आदि निकासी भएको देखिन्छ । नेपालका कम तौल भएका बढी मूल्य भएका निकासी वस्तुहरू हवाई ढुवानीबाट निकासी गरिनुपर्दछ ।

कुनै वर्ष त नेपालको हवाईमार्गबाट बिरुवाजन्य वस्तुका आयात घटेका र यस्ता वस्तुका निकासी बढेका देखिन्छन् ।निकासी वस्तु ढुवानी परिमाणमा कम, हवाई उडान ढुवानीमा कम क्षमता र हवाई ढुवानी खर्चमा बढी हुनाको कारण नेपालका लागि स्थलगत र सामुद्रिक कोलकाता पोर्ट र बंगलादेशी पोर्टबाट नेपालको वैदेशिक व्यापारका ढुवानी गर्ने गरिन्छ । नेपालको निकासी व्यापार परिमाणको ढुवानीको करिब १५ प्रतिशतजति निकासी ढुवानी हवाईजहाजबाट गरिने अनुमान गरिएको छ । अरू कोलकाता र बंगलादेशको पोर्टबाट गर्ने गरिन्छ ।

चालु आर्थिक वर्ष २०८०/८१ को पहिलो सात महिनामा व्यापार घाटा आठ खर्ब रूपैयाँ र आयात पनि आठ खर्ब रूपैयाँ हुँदा निर्यात एक खर्ब रूपैयाँभन्दा न्यून छ । आठ महिनामा नेपालको निकासी एक खर्बभन्दा बढी भएको छ ।

आर्थिक वर्ष २०७८/७९ मा नेपालमा १६४ देशबाट १९ खर्ब २१ अर्ब रूपैयाँभन्दा बढीको सामान आयात भएको छ । भारतबाट २०७८/७९ मा नेपालले १२ खर्ब १५ करोड २७ लाख रूपैयाँभन्दा बढीको सामान आयात गरेको थियो । १२ खर्ब रूपैयाँभन्दा बढीको सामान आयात हुँदा एक खर्ब ५५ अर्ब २२ करोड ३० लाख रूपैयाँ बराबरको सामान निर्यात भएको थियो । नेपालले भारतसँग मात्र आव २०७८/७९ मा १० खर्ब ४४ अर्ब ९३ करोड चार लाख रूपैयाँभन्दा बढीको व्यापार घाटा व्यहोरेको थियो ।

भारतपछि ठूलोमात्रामा आयात चीनबाट भएको छ । २०७८/७९ मा चीनबाट दुई खर्ब ६४ अर्ब ७८ करोड ३७ लाख रूपैयाँबराबरको आयात भएकोमा ८० करोड ८७ लाख ५४ हजार रूपैयाँ बराबरको मात्र सामान निर्यात हुँदा चीनसँग दुई खर्ब ७३ अर्ब ९७ करोड ४९ लाख रूपैयाँ बराबरको व्यापार घाटा भएको थियो । चीनसँगको आयातसँगै निर्यात वृद्धि हुँदै आएको छ । आव २०७८/७९ मा नेपालले दुई खर्ब ३० करोड ९६ लाख रूपैयाँ बराबरको स्वदेशी वस्तु निर्यात गरेको थियो । आव २०७७/७८ मा नेपालले एक खर्ब ४१ अर्ब १२ करोड ४० लाख रूपैयाँ बराबरको निर्यात गरेको तथ्यांक छ । आव २०७७/७८ को तुलनामा २०७८/७९ मा आयात २४.७२ र निर्यात ४१.७४ प्रतिशतले वृद्धि भएको देखिन्छ ।

नेपालमा बढ्दै जाने वैदेशिक व्यापार ढुवानी परिमाणका लागि समयसापेक्ष हवाई ढुवानी स्थिति अपर्याप्त हुँदै जाने भएकाले थप अन्तर्राष्ट्रिय हवाई ढुवानी सेवालाई आमन्त्रण गर्नुपर्ने देखिन्छ । त्यसर्थ अरू विदेशी हवाई कम्पनीहरूलाई पनि कार्गो सामान ढुवानीका लागि प्रयोगमा ल्याउन आवश्यक छ ।

अन्तर्राष्ट्रिय हवाई ढुवानी सेवाका जहाज नेपालमा ट्राञ्जिटमार्ग भई आएको खण्डमा नेपालमा हवाई ढुवानी सेवा सरल हुन जान्छ । त्यसको साथै अर्को अन्तर्राष्ट्रिय विमानस्थल बनेपछि नेपाललाई अन्तर्राष्ट्रिय हवाई यात्रुको हवाई सफरको सन्दर्भमा ट्राञ्जिट गन्तव्य पनि बनाउँदै लगिनुपर्दछ ।

नेपाल भूपरिवेष्ठित राष्ट्र भएको हुँदा निकासी-पैठारी बढ्दै गएको अवस्थामा हवाई ढुवानी सेवाको प्रयोग बढ्दै जाने हुन्छ । यद्यपि, हवाई ढुवानी भाडा बढेमा नेपालको पैठारी मन्द र निकासीमा बढी असर पर्ने देखिन्छ । हवाई ढुवानी शुल्क जति भए पनि समुद्रसँग जोडिएको देशका लागि त्यति असर पर्दैन । तिनीहरूले सस्तोमा पानीजहाजबाट सामान ढुवानी गर्न सक्दछन् । हवाई ढुवानी शुल्क समुद्री तटको देशका लागि त्यति महँगो त देखिँदैन तर पनि ती देशहरूमा कूल ढुवानी खर्च कम पार्न समुद्रीमार्गको विकल्प रहेकोले निकासीमूलक वस्तुहरू सस्तोमा निर्यात गर्न सक्दछन् । नेपालले निकासी-पैठारीका वस्तु अन्तिम बिन्दुसम्म पुऱ्याउने हवाई ढुवानीसहित कोलकोता बन्दरगाह र बंगलादेशी बन्दरगाह प्रयोग गरिन्छ ।

समय-समयमा परिवर्तन हुने हवाई ढुवानी दर नेपालका लागि उपयुक्त देखिँदैन । हवाई ढुवानी सेवाको आफ्नो दर हुन्छ जुनबेला मन लाग्यो उहीबेला ढुवानी दर बढाउने गरेकोले अन्तर्राष्ट्रिय हवाई ट्राफिक संघको ढुवानी दर भूपरिवेष्ठित देशका लागि उपयुक्त देखिँदैन । नेपालजस्ता भूपरिवेष्ठित देशहरूका लागि अन्तर्राष्ट्रिय हवाई ट्राफिक संघलाई छुट्टै हवाई ढुवानी दर लागू गर्नुपर्दछ । यो माग विश्व व्यापार संगठनमार्फत उठाउन जरुरी छ ।

नेपालको निकासी बढ्न नसक्नुमा व्यापारिक साझेदारी देशको संख्या १७० भन्दा बढी पुग्दा पनि व्यापारिक सम्झौता भएको देश १७ मा नै सीमित रहनु एक कारण देखिन्छ । नेपालको भारतसँग मात्र पारवाहनमार्ग रहने प्राकृतिक कारण हुनु नेपालको सडकमार्गबाट गरिने व्यापारमा ठूलो अवरोध आइपरेको छ । यसका लागि पारवाहन खर्च घटाई नेपाली वस्तुका वैदेशिक बजारमा प्रतिस्पर्धा बढाउन खटिएको कूटनीतिक अधिकारीले नेपालमा पुग्ने जल, स्थल, हवाईको ढुवानीका साधनको अद्यावधिक विवरण राखी आइएटिए दरभन्दा सहुलियत दर कार्यान्वयन गराउन पहलसहित भारत, पाकिस्तान तथा बंगलादेशबाहेकका देशसग पारवाहन सन्धि गराउनेतर्फ पहल गर्नुपर्ने नितान्त आवश्यक देखिन्छ । उपयुक्त बुँदाहरूमा संकलित विवरण खटिएका अधिकृतहरूले आफ्नो देशभित्र र विदेशस्थित कूटनीतिक निकायहरूमा बेलाबेलामा प्रेस भेलामार्फत परराष्ट्र मन्त्रालय एवं उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको सहमतिअनुरूप सम्बन्धितलाई प्रचारप्रसार गरी नेपालको व्यापार, पर्यटन, लगानी, आर्थिक क्षेत्रको उन्नतिका लागि कार्य गर्नुपर्ने देखिन्छ । उपयुक्त कार्यसम्बन्धी विवरण, संकलन, कार्य तर्जुमा, कार्यान्वयनका लागि नियोगमा उपलब्ध सम्बन्धित वेबसाइटबाट सहयोग लिई बनाउन सकिने कार्य विभिन्न वेबसाइटबाट तर्जुमा हुन सक्ने अन्य कार्य पनि औंल्याउन सकिन्छ । यी यस्ता कार्यहरू जुनसुकै देशको आफ्नो देशबाहिर रहेका आफना् कूटनीतिक नियोगहरूमा गरिने कार्य हुन् ।

नेपालमा हवाई ढुवानी कम्प्लेक्स बने पनि अझै यसलाई अत्याधुनिक बनाउँदै लगिनुपर्दछ । नेपालको निकासीयोग्य वस्तुहरूका लागि अन्तर्राष्ट्रिय हवाई सेवाका कम्पनीहरू खास एवं किटान गरिएका वस्तु र दरबाट सम्झौता गराउन अति आवश्यक छ जसले गर्दा ढुवानी भाडा कम भई बजेटमा प्रतिस्पर्धा गर्न सकिने हुन्छ ।

अन्तर्राष्ट्रिय हवाई ट्राफिक संघको सदस्य देशहरूले हवाई ढुवानीमा के कस्ता सुविधा पाइआएका छन् अध्ययन गर्न जरुरी छ । नेपालमा हवाई ढुवानी प्रवर्द्धनका लागि सामान ढुवानीका उडानहरू थप गर्नुपर्ने देखिन्छ । साथै, हवाई वातानुकूलित कन्टेनर बहुउदेश्यीय ढुवानी यातायात सेवा सञ्चालन भएमा गुणस्तरीय कृषिवस्तु निकासी गर्न सकिन्छ । नेपालमा वातानुकूलित हवाई ढुवानी कन्टेनर आकारका ट्रक कन्टेनर सेवा काठमाडौंको हालको र प्रस्तावित चक्रपथमा सुरुआत गर्न आवश्यक छ ।

*(लेखक व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रका पूर्वनायव कार्यकारी निर्देशक हुन्)*

## पत्र-मञ्जुषा

# आगामी बजेटको तयारी : यी क्षेत्रबाट बढाउन सकिन्छ राजस्व

सरकार आगामी आर्थिक वर्षको बजेट तयारीमा लागेको छ । हरेक आर्थिक वर्षको बजेट जेठ १५ गते ल्याउनुपर्ने संवैधानिक व्यवस्था छ । त्यसअनुरूप आगामी आर्थिक वर्ष २०८१/८२ को बजेट ल्याउने समय नजिकिँदै छ । दुई महिना बाँकी रहँदा मन्त्रालयहरू तातिएका छन् । मन्त्रालयहरूमा व्यापक छलफल भइरहेको छ । सरकारले टालटुले बजेट ल्याएर अब राजस्व बढ्दैन् । बढ्ने ठाउँ पनि छैन ।

राजस्व उठ्ने प्रमुख क्षेत्र भनेको औद्योगिक क्षेत्र हो । तर, त्यही क्षेत्र नेपालमा शून्यबराबर छ । उद्योगमा न राज्यले लगानी गरेको छ न व्यक्ति तथा वित्तीय संस्था । व्यक्ति होस् या वित्तीय संस्थाको लगानी तीन क्षेत्रमा छ । घरजग्गा, गाडी र सेयर । देशैभर ५१ लाखभन्दा बढी निजी प्लेटका सवारीसाधन दर्ता भएका छन् ।

चाहे त्यो दुई पांग्रे होस् या चार पांग्रे । एउटा गाडीमा तीन लाखदेखि २५ करोड रूपैयाँसम्म लगानी छ । सबैभन्दा बढी दुईपांग्रे सवारीसाधन दर्ता छन् । तर, यी सवारीसाधनको न जाँचपास हुन्छ न प्रदूषण चेकजाँच । सार्वजनिक यातायातको प्रत्येक छ महिनामा जाँचपास, रुट परमिट नवीकरण गर्नुपर्छ ।

त्यस्तै, धुवाँपास पनि गर्नुपर्ने प्रावधान छ । निजी प्लेटको गाडीको आम्दानी पनि राम्रै छ । भाडामा लगाएर कमाउन नपाउने प्रावधान भए पनि कसैले टेरपुच्छर मानेका होइनन् । राज्य नीति कार्यान्वयन गराउन सक्दैन । निजी प्लेटका सवारीमा गरिएको लगानीको सुको राजस्व तिरेको पाइँदैन ।

दैनिक गर्ने आम्दानीको पनि राजस्व छैन । एउटा निजी प्लेटको सवारीसाधनले दैनिक तीन हजारदेखि १० हजार रूपैयाँसम्म आम्दानी गर्छ । तर, खोइ त राजस्व ? निजी प्लेटका सवारीसाधन घरेलु र कम्पनीमा गएर पञ्जीकरण हुँदैनन् । जसका कारण राज्यलाई अर्बौं रूपैयाँ राजस्व घाटा लागेको छ ।

सरकारले जुनजुन शीर्षकमा भाडाको गाडीबाट कर लिन्छ, निजी प्लेटबाट पनि लिने व्यवस्था मिलाउनुपर्छ । यो त राज्यका लागि फाइदाजनक छ । किनकि अहिले निजी प्लेटका सवारीसाधन चढ्नेको ओइरो लागेको छ । सबैको आकर्षण बनेको छ, निजी प्लेटका सवारीसाधन ।

आम सर्वसाधारणको जहाँ बढी लगानी छ, राज्यले राजस्व उठाउने त्यहीबाट हो । त्यसैले यस विषयमा राज्यको ध्यान केन्द्रित हुन जरुरी छ । यो ठूलो आम्दानीको स्रोत बन्न सक्छ । भाडाको गाडी एकपटक पञ्जीकरण गरेपछि पाँच वर्षसम्म नवीकरण गर्नुपर्दैन । सरकारले यो वर्षैपिच्छे गर्ने भनेर निर्णय गर्नुपर्छ ।

यसले राज्यलाई ठूलो फाइदा हुन्छ । पाँच वर्षमा आउने राजस्व वर्षैपिच्छे आउँछ । यातायात क्षेत्रमा सिण्डिकेट कायमै छ । दशकौंदेखि एउटै व्यक्तिले एकाधिकार जमाएर बसेका छन् । चार दशकदेखि कालो र हरियो प्लेटको ट्याक्सी, कालीमाटी तरकारी तथा फलफूल बजारमा चल्ने ढुवानी गाडी, फो स्टक टेम्पोको दर्ता बन्द छ ।

सरकारले नयाँ दर्ता खोलिदिने हो भने राज्यको ढुकुटीमा राजस्व आउँछ । देशमै स्वरोजगार बनेर खान्छु भन्नेले पनि पाए । यातायात व्यवसायीसँग लिनुपर्ने ३२ वटा वस्तुमा ३५ वर्षदेखि राजस्व बढेको छैन । सरकारले त्यता पनि ध्यान पुऱ्याउने हो कि ! ३२ वटा वस्तुमा राजस्व बढाउने हो भने राज्यलाई नै फाइदा पुग्ने हो ।

एउटाले २५ लाखमा ट्याक्सी बेच्छ, अर्कोले किन्छ । तर, राज्यले नामसारीबापत ८०० रूपैयाँ मात्र पाउँछ । सरकारले २५ लाखको एक प्रतिशतमात्र लिने हो भने पनि २५ हजार रूपैयाँ आउँछ । अन्य सवारीसाधनको हकमा पनि यही हो । ठूला गाडीको पनि ८०० रूपैयाँ नै राजस्व उठाइन्छ । जबकि त्यो गाडी ८० लाख रूपैयाँसम्ममा किनबेच हुन्छ ।

२० वर्षे पुरानो ट्याक्सीको स्क्रचाप गरेको नम्बर प्लेट यातायात व्यवस्था कार्यालयहरूमा लाखौंमा बिक्री भइरहेको छ । राज्यले एउटाको नामबाट अर्कोको नाममा सट्टाभरानामा नामसारी गरिदिँदा ५०० रूपैयाँ राजस्व लिन्छ । यहाँ पनि राजस्व सोत्तर भइरहेको छ । जहाँबाट राजस्व उठ्छ, राज्य त्यही आँखा चिम्लेर बसेको छ ।

पछिल्लो समय सेयरमा आम सर्वसाधारणको आकर्षण बढ्दो छ । बैंक तथा वित्तीय संस्था वा कुनै कम्पनीले १०० रूपैयाँ प्रतिकित्तामा सेयर निकाल्छ । त्यही सेयर दलालीहरूले १७ सय रूपैयाँमा बेच्छन् । तर, राज्यले पाउने त १०० रूपैयाँकै राजस्व हो । सेयर जतिमा खरिद बिक्री गरिएको हो, सोहीअनुसार सरकारले राजस्व उठाउनुपर्छ ।

सेयरमा ६३ लाख जनाको खर्बौं रूपैयाँ लगानी छ । तर, राज्यले के पाएको छ ? यो प्रश्न अत्यन्तै गम्भीर छ । व्यक्तिले कमाएका छन् तर राज्य हेरेको हेर्‍यै । सय रूपैयाँको सेयर ३५ सय रूपैयाँसम्म पुगेको रेकर्ड छ । राज्य सुख्खा छ, कमाउनेले कमाएको कमायै । दलाली मोटाए, राज्यको हात रित्तो ।

घरजग्गामा पनि त्यस्तै छ । सरकारले हरेक ठाउँको जग्गाको मूल्यांकन गरेर मूल्य निर्धारण गरेको छ । दुर्गम र सुगम हेरेर मूल्य तोकिएको छ । असन, इन्द्रचोकलगायत व्यापारिक केन्द्रहरूमा सरकारले ६६ लाख ५० हजार रूपैयाँ प्रतिआना मूल्य तोकेको छ । तर, सरकारले मूल्यांकन गरेको रेट कतै पनि लागू भएको छैन ।

असन, इन्द्रचोकमा त आनाको करोडौं रूपैयाँ पर्छ । किन्नेले करोडौं हाल्छ तर राजस्व त्यही ६६ लाख ५० हजार रूपैयाँको मात्र तिर्छ । त्यहाँ पनि राजस्व छलियो । काठमाडौं उपत्यकासँगै जोडिएका जिल्लाहरूको अवस्था पनि त्यही छ । सरकारले आनाको लाख तोकेको छ तर किनबेच लाखौंमा हुन्छ ।

सरकारी मूल्यअनुसार नामसारीको राजस्व तिर्ने गरिन्छ तर खरिदबिक्री त बजारी रेटअनुसार गर्छन् । ५५ लाखमा एउटाले किन्छ अर्कोले बेच्छ यद्यपि राजस्व तिर्ने बेलामा एक लाखको मात्र तिर्छ । ५४ लाखको छलिदिन्छन् । स्थानीय पालिकाहरूको यसतर्फ ध्यान जानुपर्‍यो ।

राजस्व नउठाउने, विदेशी ऋण लिइरहने गर्‍यो भने भोलि देश नै नरहन सक्छ । यो कुरामा सरकार सचेत बनोस् । बरु, खर्च कटौती गरौं । जनतालाई भेडाबाखाझैं विदेशमा बेच्ने होइन, यही रोजगारीको अवसर सिर्जना गरौं । बजेट निर्माणमा संलग्न अधिकारीहरूले यस विषयमा ध्यान पुऱ्याऊन् ।

**– अनुसा थापा, भक्तपुर**

### जानकारी

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

## मनन्योग्य

### चाणक्य नीति

प्रतिदिन सहरका छोरीबुहारीहरू सिकन्दरका सैनिकका वासनाका सिकार भए । सिकन्दरले तक्षशीलामा संस्कृतको विरोध गरी युनानी भाषाकी आरम्भ गरायो । सिकन्दरले राज्यको सहयोग पाएकाले आचार्यहरू र विद्यार्थीहरूको अध्ययन-अध्यापन बन्द गरायो ।  राजा आम्भीले स्वीकार्नु, सिकन्दरका सैनिकको उत्पात, संस्कृतको पठनपाठन बन्द आदिले तक्षशिलामा विद्यार्थीहरू कम हुँदै गए, जुन विश्वविद्यालयमा प्रवेश पाउनका लागि विद्यार्थीको तछाडमछाड भइरहन्थ्यो ।

विष्णुगुप्तलाई थाहा भयो अब सिकन्दर कैकेय प्रवेश गरेर झेलम र चितारबीचको कैकेय देश जित्ने इच्छा गर्दै अघि बढ्दैछ, जहाँका राजा पुरु जसलाई पोरस भनिन्छ छन् ।

मातृभूमिको यस्तो दुर्दशा देखेर आमाका सपूत चाणक्यका हृदयमा हाहाकार मच्चियो । आम्भीजस्तो विश्वासघाती, महानन्दजस्तो बिलासी व्यक्तिलाई राजकाजबाट पर अलग्याएर राजा बनेको खण्डमा मात्र यस्तो आशा गर्न सकिन्छ यहाँ विश्वासघाती आम्भी विलासी महानन्दजस्ता गुजाबाट केही हुँदैन भारत वर्ष टुक्रा-टुक्रामा बाँडिएको छ, जसले सिकन्दरसँग टक्कर लिन खोज्छ, उसका सेनाको अगाडि कोही पनि टिक्न सक्दैन । नन्दजस्तो राजाका हातमा राज्य रहन दिनुहुँदैन । उनी बुझ्दथे कि मगध शक्तिसम्पन्न राज्य हो, ।

त्यहाँ राक्षसजस्तो बुद्धिमान् महामात्य छ, वीरताले मुक्त विशाल सेना छ, तर कसैले पनि पत्यार गर्दैनन्, किन कि नन्दको हातमा मगध सुरक्षित आम्भीजस्तै बनेर नन्दले पनि सिकन्दरको दासता स्वीकार गऱ्यो भने के होला ? यस्तो विचार गर्दै विष्णुगुप्तको मुख रातो-रातो भयो र मुखबाट एक्कासी ‘अहँ अहँ चाणक्यले यस्तो हुन दिदैन’ भन्ने बोली निस्कियो’ मातृभूमिको रक्षार्थ सम्पूर्ण ज्ञान र प्राण पनि बलिदान गर्नेछ ।’

म पहिले राजा पुरुलाई भेटेर मात्र पाइला चाल्छु । कैकेय देशलाई सतर्क पार्नुपर्छ सिकन्दर अगाडि नबढोस्, चाणक्यले यसरी युक्ति सोचे ।          क्रमशः



**बस ठडिएपछि...** कास्कीको पोखरा महानगरपालिका–२७ अर्चलेमा शनिबार दुर्घटना भएको ग १ ख ८६८० नम्बरको बस । रिजर्भमा गएको उक्त बस आरूपाटामा यात्रुलाई पुऱ्याएर पोखरा फर्किंदै गर्दा दुर्घटनामा हुँदा चालक र सहचालक घाइते भएका छन् ।

*तस्बिरः कृष्ण दवाडी/रासस*

# प्रभावकारी बन्दै ‘दिगो सडक’ कार्यक्रम

**बलेवा (बागलुङ)–** स्थानीय तह गठनपछि पहिलो कार्यकालको तेस्रो वर्षमा मात्रै जैमिनी नगरपालिका–८ छिस्ती सडक सञ्जालले जोडिएको थियो । अहिले यहाँका अधिकांश बस्तीमा बाह्रै महिना सवारीसाधन सञ्चालन हुन थालेका छन् । नगरले कालीगण्डकी करिडोर र कृषि सडकलाई मूल मार्ग मानेर अन्य सडक सञ्जाल विस्तार गरेको हो ।

यसअघि पूर्वाधार विकासको पहिलो खुड्किला मानिएको सडक नपुगेकाले अन्य पूर्वाधारको विकासका लागि नगरसँग चुनौतीका चाङ थिए । अहिले जैमिनीका सबै गाउँ सडक सञ्जालले जोडिएका छन् । सबै वडा कार्यालयमा बाह्रै महिना सवारी सञ्चालन हुनेगरी सडक सञ्जाल विस्तार भए पनि अझै पर्याप्त नभएको जैमिनी–८ छिस्तीका नारायण पौडेलको भनाइ छ ।



पालिका सदरमुकाम कुश्मीशेरा बजार जिल्ला सदरमुकाम बागलुङ बजारसँग कालोपत्र सडकले जोडिएको छ । कुश्मीसेराबाट वडाहरू जोड्ने सडकका नाकामा कालोपत्र र ढलानको काम सुरु भएको छ । नगरले सडक विस्तारमा नयाँ रणनीति लागू गरेको छ । जैमिनीले सडक बनाउने मात्रै नभई बनेका सडकलाई टिकाउन प्रयत्न गरिरहेको जनाएको छ ।

पहिलो कार्यकालमा सुरु भएको दिगो सडक कार्यक्रमलाई जैमिनीले नमूनाका रूपमा कार्यान्वयन गरिरहेको नगर उपप्रमुख हरिहर शर्माले बताए । उनका अनुसार १० वडा रहेको नगरमा १३ दिगो सडकका योजना छन् ।

यी सडक स्तरोन्नति भइसक्दा जैमिनीका सबै वडामा बाह्रै महिना सवारीसाधन सहजै पुग्ने नगर उपप्रमुख शर्माले बताए । ‘जैमिनी–१, ५, ६, ७ र ८ लाई छोएर राष्ट्रिय गौरवको आयोजना कालीगण्डकी करिडोर उत्तरबाट दक्षिण लाग्छ,’ उनले भने, ‘वडा नं १, २, ४, ९ र १० लाई छोएर बागलुङ शान्तिपुर कृषि सडक बनेको छ ।’

यिनै दुईवटा मुख्य सडकलाई आधार बनाएर जैमिनीले हरेक वडा जोड्न दिगो सडक कार्यक्रम सञ्चालनमा ल्याएको हो । ‘दिगो सडक कार्यक्रम हरेक वडामा क्रमबद्ध रूपमा पक्की सडक पुऱ्याउने लक्ष्यका साथ सञ्चालनमा ल्याइएको कार्यक्रम हो,’ शर्माले भने, ‘हामीले गौरव गर्न सकिने गरी १३ सडक तयार गर्दैछौं ।’ हरेक वर्ष दिगो सडकका लागि बजेट विनियोजन हुने गरेको उनले जानकारी दिए ।

पक्की नाली तयार, ग्राभेल गर्ने, पर्खाल लगाउने र सडक टिकाउने काममा नगर लागेको छ । टुक्रे योजनामा गरेको लगानी खेर जाने भएकाले पनि दिगो सडक कार्यक्रम ल्याइएको शर्माको भनाइ छ ।

दिगो सडकले सर्वसाधारणलाई आवतजावतमा सहजमात्रै होइन, कृषि उपजको बजारीकरण र पर्यटनमासमेत सहयोग गर्ने बुझाइ नगरको छ । हरेक दिगो सडकसँग नगरभित्रका कुनै न कुनै पर्यटकीय क्षेत्र जोडिएका छन् । ‘घुम्न आउनेहरूका सवारी सडककै कारण भनेको ठाउँमा पुग्दैनन्, हामीले दिगो सडक तयार गरे त्यो समस्या हट्छ,’ नगर उपप्रमुख शर्माले भने, ‘सडकमा लगानी गर्नु भनेको आर्थिक क्षेत्रमा जोडिनु पनि हो ।’ जैमिनीधाम, हाँडिकोट टापु, गाजाको दहजस्ता धार्मिक तथा प्राकृतिक पर्यटकीय क्षेत्र जोड्न दिगो सडक प्रयोगमा आउने उनले बताए ।

### बजारीकरण र पर्यटनमा सडकले राहत

भूगोलका हिसाबले दूरदराजमा रहेका गाउँमा उत्पादित कृषि उपज तथा पशुधनलाई बजार पुऱ्याउन अहिले पनि ढुवानीमा समस्या हुने गरेको छ । ठूला साधन नपुग्ने र साना सवारी तथा मानव श्रमशक्ति महँगो पर्ने भएकाले किसान निराश छन् । उत्पादनभन्दा ढुवानी लागतका कारण मर्कामा परेका किसानलाई दिगो सडकले सहयोग गर्ने नगर उपप्रमुख शर्माले बताए । *रासस*

# बागमतीमा मन्त्रिपरिषद् विस्तार

मकवानपुर (प्रस)- बागमती प्रदेश सरकारका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले मन्त्रिपरिषद् विस्तार गरेका छन् । मुख्यमन्त्री जम्कट्टेलको सिफारिसमा प्रदेश प्रमुख यादवचन्द्र शर्माले नेपाल कम्युनिस्ट पार्टी एमाले प्रदेशसभा संसदीय दलका नेता जगन्नाथ थपलियालाई आर्थिक मामिला तथा योजना मन्त्रीमा नियुक्त गरेका हुन् ।

नवनियुक्त मन्त्री थपलियालाई प्रदेशप्रमुख शर्माले शनिबार साँझ पद तथा गोपनीयताको शपथ गराएका छन् । थपलिया दोस्रोपटक प्रदेश सरकारको आर्थिक मामिला तथा योजनामन्त्री बनेका हुन् । उनले यसअघि २०७९ पुस २६ गते उक्त मन्त्रालय सम्हालेका थिए ।

# अरूण नदीमा फेरी बन्द भएपछि यातायात अवरूद्ध



**किमाथांका, (संखुवासभा)–** संखुवासभा र भोजपुरलाई जोड्ने खाँदबारी नगरपालिका–९ सतिघाटस्थित अरुण नदीमा फेरी बन्द भएपछि यातायात सेवा अवरुद्ध भएको छ । शुक्रबार दिउँसो गाडी तार्ने क्रममा फेरीको लट्ठा (तार)मा समस्या देखिपछि यातायात सेवा अवरुद्ध भएको हो । फेरी बन्द भएपछि भोजपुर जिल्लामा दैनिक उपभोग्य सामग्री आयात तथा आवतजावतमा समस्या उत्पन्न भएको छ ।

चार वर्षअघि निर्माण गरिएको फेरीमा समस्या आएपछि शुक्रबार दिउँसोदेखि संखुवासभा र भोजपुर यावतजावत ठप्प भएको षडानन्द नगरपालिका प्रमुख प्रशासकीय अधिकृत मोहन चापागाईंले जानकारी दिए । उनका अनुसार अवरुद्ध फेरी सञ्चालनमा ल्याउन अझै दुई साता लाग्ने र यसका लागि पहल भइरहेको छ ।

फेरी बन्द भएपछि भोजपुरको षडानन्द नगरपालिका र साल्पा सिलिच्छो गाउँपालिका जाने दर्जनौं गाडी अरुण नदीमा अलपत्र परेका छन् । अरुण नदीमा पक्की पुल नहुँदा फेरी भोजपुरका लागि सवारीसाधन, दैनिक उपभोग्य वस्तु तथा यात्रु तार्ने एकमात्र माध्यम हो । सो नदीमा निर्माणाधीन अवस्थामा रहेको दुईवटा पक्की पुल पनि अझै निर्माण सम्पन्न हुनसकेको छैन ।

अरुण नदीको सतिघाट अरुण नदीमा फेरी निर्माण भएपछि षडानन्द नगरपालिका, साल्पासिलिछो गाउँपालिका र छिमेकी जिल्ला खोटाङका ७० हजारभन्दा बढी स्थानीय प्रभावित भएका छन् । फेरीले एकै पटकमा चारवटासम्म सवारीसाधन तार्ने गरेको थियो ।

संघीय सांसद क्षेत्र विकास कोषबाट ७५ लाख रूपैयाँ, प्रदेश सांसद क्षेत्र विकास कोषबाट ७५ लाख रूपैयाँ र षडानन्द नगरपालिकाको ५५ लाख रूपैयाँ लागतमा फेरी निर्माण गरिएको हो । फेरीबाट दैनिक १०० वटाजति साना-ठूला सवारीसाधन आवतजावत गर्दै आएका थिए । *रासस*


**सन्दकपुर गाउँपालिका**

**गाउँकार्यपालिकाको कार्यालय**

**माबुरोड, देउराली इलाम ।**

**कोशी प्रदेश, नेपाल ।**

**विद्युतिय वोलपत्र स्वीकृत गर्ने आशय सम्बन्धमा**

**(प्रकाशन मितिः २०८०/१२/१८)**

सन्दकपुर गाउँपालिका अर्न्तगत निम्न स्थानमा निर्माण हुने तपसिल अनुसारको निर्माण कार्यको लागी विद्युतिय बोलपत्र पेश गर्न मिति २०८०/११/०९ मा प्रथम पटक प्रकाशित सुचना अनुसार विभिन्न मितिमा इजिपि मार्फत पेश भएका बोलपत्रहरु वोलपत्र आव्हान सम्बन्धी कागजात, सार्वजनिक खरिद नियमावली, (संशोधन सहित) २०६४ को नियम १४७ (१) अनुसारको मूल्यांकन समितिले गरेको मूल्यांङ्कन र सोको प्रतिवेदनका आधारमा निम्न वोलपत्रदाताको वोलपत्र न्यून मुल्याङ्कीत सारभूतरुपमा प्रभावग्राही भएको हुँदा उक्त वोलपत्रदाताको वोलपत्र स्वीकृत गर्न तथा देहायानुसार कबोल अंक राखी वोलपत्र पेश गर्ने वोलपत्रदाता र अन्य सरोकारवालाहरु समेतको जानकारीका लागि सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) मा रहेको प्रयोजनार्थ न्यून मुल्याङ्कीत सारभूतरुपमा प्रभावग्राही तपसिलको वोलपत्रदाताको वोलपत्र स्वीकृत गर्ने आशय जानकारी गराइएको छ । यो सूचना प्रकाशन भएको मितिले सात दिन भित्रमा ऐ. ऐनको दफा ४७ अनुसारको कुनै निवेदन यस कार्यालयमा दर्ता हुन नआएमा उल्लेखित निर्माण व्यवसायी मार्फत उल्लेखित खरीद प्रकृया अगाडि बढाईने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीका लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

| निर्माण कार्यको विवरण र ठेक्का नं | ल. ई. रकम रु. (पि.एस., भ्याट तथा गुणन करेक्सन बाहेक) | न्युन मुल्यांकित सारभूतरुपमा प्रभावग्राही बोलपत्रदाताको नाम | कबोल रकम रु. (पि.एस., भ्याट तथा गुणन करेक्सन सहित) | ल.ई. भन्दा घटी रकम रु. (पि.एस., भ्याट तथा गुणन करेक्सन सहित) तथा प्रतिशत | बोधार्थ (कबोल रकम पि.एस., भ्याट तथा गुणन करेक्शन सहित रकम रु.) |
|---|---|---|---|---|---|
| Chapgairi Sanimai Health Post Bikri Vir Tari Jamuna Road Maintenance project SRM/NCB/ WORKS/2080/081-11 | रु. १४,५५,१२४/६४ | इष्टर्न नेपाल बिल्डर्श प्रा.लि. सन्दकपुर गा.पा. ०३ | रु. ७,६४,४६६/४७ | ६,९०,६५८/२८ (४७.४६%) | क) सुजल निर्माण सेवा रु.१०,८७,६९६/१९ (२५.२५% घटी) पहिलो कम |
| Deurali 1 no. Ward Office Ch-hange Kholaghari Ilam Munici-pality Road Project SRM/NCB/ WORKS/2080/081-12 | रु. १४,५५,१२४/६४ | इष्टर्न नेपाल बिल्डर्श प्रा.लि. सन्दकपुर गा.पा. ०३ | रु. ८,३६,९९०/५५ | ८,३६,९९०/५५ (४२.४८% घटी) | क) इन्द्रजित कन्स्ट्रक्सन रु. ११,४७,९९६/६७ (२१.१०% घटी) पहिलो कम |
| Deurali 2 no. Ward office Goru-wale Sandakpur Road (Sadak Board Nepal) SRM/NCB/ WORKS/2080/081-13 | रु. ११,६२,५७७.८१ | इष्टर्न नेपाल बिल्डर्श प्रा.लि. सन्दकपुर गा.पा. ०३ | रु. ५,९८,४७७.४५ | ५,६४,१००/३६ (४८.५२%) घटी | क) सुजल निर्माण सेवा रु. ८,६९,३०५/४० (२५.२२% घटी) पहिलो कम |

**यादव राउत**

**प्रमुख प्रशासकीय अधिकृत**


# प्रभाव दैनिक

आइतबार १८, चैत २०८० (Sunday, March 31, 2024)


रूपशाला

### 'पूजार सार्की'मा पल शाहको लुक्स सार्वजनिक

दिनेश राउतको निर्देशनमा तयार भएको फिल्म 'पूजार सार्की' मा पल शाहको नयाँ लुक्स सार्बजनिक भएको छ। शनिबार पलको लुक्स सार्वजनिक गरिएको हो। सार्बजनिक लुक्समा पल काँधमा बन्दुक भिरेर खोलाको बगरमा हिँडिरहेको देखाइएको छ। भादगाउँले टोपी लगाएका पलले कोट, सर्ट र पाइन्ट लगाएका छन्। यो लुक्स हेर्दा फिल्ममा पलको नकारात्मक भूमिका रहेको संकेत गर्छ। फिल्ममा पहिलोपटक तीन अभिनेताहरू आर्यन सिग्देल, प्रदीप खड्का र पल शाह एकसाथ देखिँदैछन्। छायांकनकै क्रममा आर्यन र प्रदीपको क्यारेक्टर लुक्स सार्वजनिक भइसकेको छ। संगीतकार सुवास भुसालको निर्माण रहेको फिल्ममा राजेश श्रेष्ठको छायांकन छ। जातीय विभेदविरूद्धको कथामा आधारित भएर फिल्म बनाइएको छ।



# 'आइइसी डिजाइनर रनवे'मा सेलिब्रेटीले गरे र्‍याम्प वाक



■ प्रभाव संवाददाता

**काठमाडौं–** बिभिन्न आकर्षक डिजाइनका फेसन प्रस्तुत गर्दै १३औं संस्करणको 'आइइसी डिजाइनर रनवे' सम्पन्न भएको छ।

जोय कस्मेटिक नेपालको प्रस्तुतिमा शुक्रबार काठमाडौंको होटल याक एण्ड यतिमा आयोजित शोमा अभिनेत्री प्रियंका कार्की, नीति शाह, मिस नेपाल अस्मि श्रेष्ठ, मेलिना जोशी, प्रियंका रानी जोशी, मिस्टर नेपाल समर्पण जंग कार्की, मोडल सविता कार्की, जेड दीपिका गारेट लगायतका सेलिब्रेटी एउटै र्‍याम्पमा प्रस्तुत भउका थिए। उनीहरू शोटपरको रूपमा विभिन्न आकर्षक पहिरनसहित र्‍याम्पमा प्रस्तुत भएका हुन्।

भारत, रसिया, सर्बिया लगायतका १३ अन्तर र्ष्ट्रिय मोडलको समेत सहभागिता रहेको शोमा नेपालका २६ मोडलले पहिरनका नयाँ र आकर्षक डिजाइनहरू प्रस्तुत गरेका थिए।

अन्तर्राष्ट्रिय कोरियोग्राफर यतिन नरेन्द्र गान्धीको समेत प्रत्येक्ष सहभागीता रहेको शाको म्यानेजमेन्ट जिम्मेवारी नेक्स्ट मोडल्स नेपालले बहन गरेको थियो। अहिलेसम्मकै राम्रो र उत्कृष्ट फेसनको शोको रूपमा ' आइससी डिजाइनर रनवे' आयोजना भएको नेक्स्ट मोडल्स नेपालका सिइयो रवि धमलाले बताए। सहभागीले १३औं 'आइससी डिजाइनर रनवे' अहिले सम्मकै उत्कृष्ट फेसन शोको रूपमा चर्चा गरेको उनको भनाई छ। शोमा आइसी कलेजका २०२१ ब्याजका ७३ जना विद्यार्थीले डिजाइनरहरूले तयार पारेका फरक फरक पहिरन १५ सिक्वेलमा मोडलले र्‍याम्पमा प्रस्तुत गरेका थिए।

आयोजक आइसी कलेजकी प्रबन्ध निर्देशक शैलजा अधिकारीले 'आइइसी डिजाइनर रनवे'को मुख्य उद्देश्य नेपाली फेसन डिजाइनरको प्रचारप्रसार गर्दै उनीहरूले डिजाइन गरेका नेपाली फेसनका आकर्षक डिजाइन अन्तर्राष्ट्रिय स्तरमा पुर्‍याउनु रहेको बताइन्।

# 'झिल्के एन्ड द कम्पनी'को '१८२'



**काठमाडौं (प्रस)–** नेपाली रक व्याण्ड 'झिल्के एन्ड द कम्पनी'ले आफ्नो एल्बम 'जवानीको जोश' को गीत '१८२' सार्वजनिक गरेको छ। यो भिडियो 'झिल्के फायर इपी' बाट 'पंक्षीहरू'सँग डेब्यु गरेपछि ब्यान्डको यो दोस्रो प्रस्तुति हो।

यो गीतले नेपाली पारिवारिक जीवनको एक मार्मिक झलक देखाएको छ। डिनर टेबलको वरपर साझा गरिएका अव्यक्त सपनाहरू र इच्छाहरूलाई भिडियोमा देखाइएको छ। 'पूर्वी नेपालले मेरो हृदयमा विशेष स्थान ओगटेको छ। त्यहीकारण हामीले यहाँको प्राकृतिक पृष्ठभूमिमा नेपाली पारिवारिक जीवनका कथाहरू चित्रण गर्ने उद्देश्य राखेका छौं', ब्यान्डका गायक तथा गिटारवादक स्टिभ देवानले भने। भिडियोमा शान्तादेवी पौडेल, रुद्र ओली, अवान राना मगर र प्रसिद्धी ओली फिचर्ड छन्। भिडियोमा रिदम राईको डीओपी, आविस्कार जोशीको सहायक डीओपी, गौरव विस्टको कलर र सम्पादन तथा अभिषेक गिरीको प्रोडक्सन छ।

गीत ब्रोकन एग स्टुडियोमा रेकर्ड गरिएको हो। गीतको भिडियो झापाको बिर्तामोड र अर्जुनधारा वरपरका चियाबगान र खेतबारीमा छायांकन गरिएको छ।

भिडियो पोजिटिभ भाइब्स इन्टरटेनमेन्ट नेटवर्क (पीभीई नेटवर्क)ले निर्माण गरेको छ। पीभीई नेटवर्क ब्यान्डको व्यवस्थापन कम्पनी हो। गीतको भिडियो झिल्के एण्ड द कम्पनीबाट सार्वजनिक गरिएको हो। ब्यान्डका बास गिटारवादक विशाल ह्याङ राईले छायांकन प्रक्रियाप्रतिको आफ्नो लगाव र यी स्थानहरूमा पुनः भ्रमण गर्ने इच्छा व्यक्त गरे। ड्रमर डिप्सन केसीले अन्तिम नतिजाप्रति आफ्नो सन्तुष्टिलाई जोड दिँदै, गीतको मधुर र तीव्र क्षणहरूलाई सन्तुलनमा राख्न भिडियोको लागि ठुलो चुनौती भएको स्वीकारे।

# 'मेरो माया तिम्रो लागि' गरिमा फकाउँदै रूपक

**काठमाडौं (प्रस)–** लोकप्रिय गायक रूपक डोटेलको नयाँ गीत 'मेरो माया तिम्रो लागि' सार्वजनिक भएको छ। मनि सुवेदीको प्रस्तुति तथा शब्द रहेको गीतमा साहस शाक्यको एरेन्ज रहेको गीतमा संगीत गायक डोटेल आफैले भरेका छन्।



सेन्टिमेन्ट शैलीमा प्रेमपिडा ब्यक्त गरिएको गीत कर्णप्रिय छ। गीतमा गायकले प्रेमीकाले आफ्नो माया नबुझेको गुनासोहरू पोखेका छन्। गीतको भिडियो एक जोडी प्रेमीको प्रेम र बिछोड देखाउन खोजिएको छ। भिडियोमा गायक डोटेल आफै देखिएका छन्, भने उनलाई अभिनयमा साथ गरिमा शर्माले दिएकी छन्। भिडियोमा दुवैको जोडी सुहाउँदो देखिएको छ।

उत्तम हुमागाईको छायांकन, विकास धमलाको सम्पादन रहेको भिडियो गायक डोटलको आफ्नै अफिसियल युट्युब च्यानलबाट सार्वजनिक गरिएको हो। भिडियोका निर्देशक निकेश खड्का हुन्।

५०० भन्दा बढी गीतमा स्वर दिइसकेका गायक डोटेल पछिल्लो समयका चलेका गायक हुन्। गायक डोटलका 'बनकी चरी', 'सानुमाया', 'मेरो बोली सुन्दा', 'चोखो माया लाकै होनी माया'लगायत थुप्रै हिट छन्। डोटेल बहुप्रतिभाशाली गायक हुन्। उनी सेन्टिमेन्टका अलवा सेमिक्लासिक, लोक, पप र पार्श्वगायनमा समेत चिनिँदै आएका छन्।

## रंगशाला

टी-२० शृंखला

# नेपालले गुमायो आयरल्याण्डसँगको सिरिज



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल 'ए' टिम आयरल्याण्ड वुल्भ्ससँग पराजित भएको छ। कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको खेल मैदानमा शनिबार भएको खेलमा नेपाल 'ए' ४० रनले पराजित भएको हो।

जितका लागि दुई सय २५ रनको लक्ष्य पछ्याएको नेपाल 'ए' १७ दशमलव पाँच ओभरमा सबै विकेट गुमाउँदै एक सय ८४ रनमा सीमित भयो। नेपालको शनिबारको हारसँगै जारी टी-२० शृंखला आयरल्याण्ड वुल्भ्सले एक खेल अगावै जितेको छ। शृंखलाको पहिलो खेलमा आयरल्याण्ड वुल्भ्स २१ रनले विजयी भएको थियो।

नेपालका लागि देव खनालले २५ बल खेल्दै सात चौकाको सहयोगमा ४७ रन बनाए भने बसिर अहमदले २७, बिनोद भण्डारीले २६, लोकेश बमले २५ रनको योगदान दिए। आयरल्याण्ड वुल्भ्सका लागि वेन ह्वाइटले तीन विकेट लिए भने फिओन ह्याण्ड र थोमस माएजले दुई/दुई विकेट लिए। त्यसअघि ब्याटिङ गरेको आयरल्याण्ड वुल्भ्सले निर्धारित २० ओभरमा छ विकेटको क्षतिमा दुई सय २४ रनको विशाल योगफल तयार पारेको थियो।

उसका लागि निल रकले अविजित ७१ रन बनाए। उनले ३४ बल खेल्ने क्रममा सात छक्का र एक चौका प्रहार गरे। साथै पिटर मूरले ६५ रन बनाए। उनले सात छक्का र तीन चौका प्रहार गरे। त्यसबाहेक जेम्स म्याकोलुमले २६, रोद अदिरले १७, फिओन ह्याण्डले १९ रनको योगदान दिएका थिए। नेपाल 'ए'का लागि सागर ढकालले तीन विकेट लिए भने कमल ऐरी, पवन सर्राफले एक/एक विकेट लिए। शृफ्लाको तेस्रो खेल आगामी सोमबार हुनेछ।

वीर गणेशमान सिंह राष्ट्रिय बक्सिङ

# आर्मी र एपिएफ च्याम्पियन

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल आर्मी र एपीएफ छैटौं वीर गणेशमान सिंह राष्ट्रिय बक्सिङ प्रतियोगितामा शनिबार टिम च्याम्पियन बनेका छन्। आर्मी पुरुष तथा एपीएफ महिलामा च्याम्पियन बनेका हुन्।

आर्मीले ३ स्वर्ण हात पार्‍यो। प्रहरीले २ तथा कर्णालीले १ स्वर्ण प्राप्त गरे। महिलामा एपीएफले पनि सर्वाधिक ३ स्वर्ण जित्यो। आर्मी, लुम्बिनी र प्रहरीले समान १-१ स्वर्ण हात पारे। पुरुष/महिला दुवैमा समान ६-६ स्वर्णका लागि प्रतिस्पर्धा भएको थियो।

गणेशमान सिंह फउन्डेसनअन्तर्गत वीर गणेशमान सिंह स्पोर्ट्स कमिटी र नेपाल बक्सिङ महासंघद्वारा संयुक्त आयोजित प्रतियोगिताको पुरुषमा नेपाल प्रहरीका चन्द्रबहादुर थापा तथा महिलामा एपीएफकी संगिता सुनार उत्कृष्ट खेलाडी घोषित भए। दुवैले जनही ५० हजार नगद पुरस्कार हात पारे।



त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद्को कभर्डहलमा भएको पुरुष ५१ केजी फाइनलमा प्रहरीका चन्द्रले मधेश प्रदेशका रविन थापालाई पराजित गरी स्वर्ण जिते। पुरुष ५७ केजीमा आर्मीका प्रेम चौधरीले कर्णाली प्रदेशका सुलभ माली (वाकओभर), ६३.५ केजीमा प्रहरीका भुपेन्द्र थापाले आर्मीका खगेन्द्र रोका मगर, ७१ केजीमा आर्मीका दानबहादुर दर्लामी मगरले एपीएफका विक्रम चौधरी, ८० केजीमा कर्णालीका मनोज तामाङले सुदूरपश्चिमका बालाजी रावल तथा ९२ केजीमा आर्मीका महेन्द्र केसीले एपीएफका रविन नेपाललाई हराउदै पहिलो भए।

महिला ५० केजीमा लुम्बिनीकी सुष्मा तामाङले बागमतीकी रमिशा श्रेष्ठ, ५४ केजीमा प्रहरीकी अञ्जनी तेलीले बागमतीकी रक्षा जिसी, ५७ केजीमा आर्मीकी वर्षा श्रेष्ठले कोशीकी नारिका राई, ६० केजीमा एपीएफकी संगिता सुनारले आर्मीकी ललिता महर्जन, ६६ केजीमा एपीएफकी विनिता थापा मगरले आर्मीकी निरु गुरुङ तथा ७५ केजीमा एपीएफकी सरस्वती रानाले आर्मीकी तृषा जबेगुलाई पाखा लगाउदै स्वर्ण जिते। हरेक तौलसमूहमा शीर्ष तीन स्थान हात पार्नेले क्रमशः २५ हजार, १५ हजार र ७.५/७.५ हजार नगद पुरस्कार प्राप्त गरे।

# बेदबहादुर र निर्मला सैलुङ म्याराथुन च्याम्पियन



■ प्रभाव संवाददाता

**काठमाडौं–** बेदबहादुर राई र निर्मला राईले सुनापती सैलुङ अल्ट्रा म्याराथन प्रतियोगितामा स्वर्ण जितेका छन्।

राष्ट्रिय खेलकुद परिषद् (राखेप) को विशेष सहयोगमा शनिबार सुनापती, खाँडादेवी र दोरम्बा शैलुङ स्पोर्ट्स क्लबद्वारा संयुक्त आयोजित प्रतियोगितामा बेदबहादुर पुरुष तथा निर्मला महिलाको ५५ किलोमिटर दूरीमा पहिलो भएका हुन्। पुरुषमा मनकुमार रोका मगर दोस्रो तथा गोपाल तामाङ तेस्रो भए। महिलामा छोकी शेर्पा दोस्रो भइन्। दुवै समूहमा शीर्ष तीन स्थान हात पार्नेले क्रमशः ८० हजार, ३५ हजार र २० हजार नगद पुरस्कार पाए।

पुरुष २५ किलोमिटरमा अर्जुन कुलुङ राईले स्वर्ण, तिलकबहादुर सुनुवारले रजत र करण रावलले कांस्य जिते। उक्त स्पर्धाको महिलामा प्रिया राई पहिलो, सुन्सरी रोकाय दोस्रो तथा हुमि बूढामगर तेस्रो बने। पुरुष/महिला दुवैमा पहिलो हुनेले ४५ हजार, दोस्रोले २५ हजार र तेस्रोले १० हजार नगद पुरस्कार प्राप्त गरे।

पुरुष ५ किलोमिटर दौडमा अक्कलबहादुर पाल प्रथम, निरज भट्ट द्वितीय र सुवास कार्की तृतीय भए। सोही स्पर्धाको महिलामा सिर्जना पाण्डेय पहिलो, पद्माकुमारी सुनुवार दोस्रो र सोनिमा शेर्पा तेस्रो स्थानमा रहे। दुवै समूहमा शीर्ष तीन स्थान हात पार्नेले क्रमशः २० हजार, १० हजार र ५ हजार नगद पुरस्कार जिते।



**आरू फुलेपछि** पूर्वी चीनको झेजियाङ प्रान्तको जियाक्सिङ काउन्टीको याओझुआङ टाउनको बेइहे गाउँस्थित आरुका फूलले मनमोहक बगैँचाको ड्रोनबाट लिइएको तस्बिर । *तस्बिरः सिन्ह्वा*

# श्रीलंकालाई आर्थिक सहयोगको निरन्तरता दिन चीन सहमत

**बेइजिङ–** चीनले श्रीलंकालाई दिने सहयोग जारी राख्ने बताएको छ । आर्थिक संकटपछि अहिले क्रमिकरूपमा राहत महसुस गरेको श्रीलंकाका प्रधानमन्त्रीले ऋण पुनर्संरचना सम्झौतालाई अन्तिम रूप दिन बेइजिङको भ्रमण शनिबार पूरा भएको छ ।

चिनियाँ राष्ट्रपति सी चिनफिङसँग भेटवार्ता र बोआओ फोरममा सहभागी हुन प्रधानमन्त्री दिनेश गुणवर्धने सोमबार चीन पुगेका हुन् । श्रीलंकाको वर्षौंदेखिको आर्थिक संकट गुणवर्धनेको भ्रमणको क्रममा एजेण्डामा उच्च प्राथमिकतामा थियो । श्रीलंकाको कूल विदेशी ऋणको लगभग १० प्रतिशत हिस्सा चीनले ओगटेको छ ।



बेइजिङको विदेश मन्त्रालयले शुक्रबार जारी गरेको संयुक्त द्विपक्षीय वक्तव्यमा भनिएको छ, ‘ चीन आफ्ना वित्तीय संस्थाहरूलाई श्रीलंकासँग सक्रिय रूपमा वार्ता गर्न, अन्य ऋणदाताहरूसँग मैत्रीपूर्ण संवाद कायम गर्न, अन्तर ाष्ट्रिय मुद्रा कोषमा सकारात्मक भूमिका निर्वाह गर्न र श्रीलंकालाई आर्थिक राहतमा सहयोग गर्न सहयोग जारी राख्न इच्छुक छ ।’

‘बन्दरगाह सहर कोलम्बो र हम्बनटोटा विकास परियोजनालाई प्रवर्द्धन गर्न दुवै पक्ष सहमत भएका छन्, जसलाई ‘बेल्ट एन्ड रोड’ को चीन-श्रीलंका संयुक्त निर्माणको दीर्घकालीन परियोजनामा परिणत गर्न सकिन्छ,’ चिनियाँ राष्ट्रपति सीको विशाल विश्वव्यापी पूर्वाधार पहल ‘बेल्ट एन्ड रोड’ लाई उद्धृत गर्दै विज्ञप्तिमा उल्लेख गरिएको छ ।

सन् २०१५ सम्मको एक दशक शासन गरेका पूर्वराष्ट्रपति महिन्दा राजापाक्षेले सुरु गरेको सेतो हात्ती लक्षित परियोजनामा हम्बनटोटाको दक्षिणी बन्दरगाहलाई पनि मानिएको छ । श्रीलंकाको इतिहासकै सबैभन्दा खराब आर्थिक संकट निम्त्याउने ऋणको पासोका रूपमा धेरैले आलोचना गरेका परियोजनाहरूका लागि राजापाक्षेले चीनबाट ठूलो मात्रामा ऋण लिएका थिए ।

सन् २०१७ मा हम्बनटोटा बन्दरगाह निर्माणका लागि चीनबाट लिएको ठूलो ऋण तिर्न नसकेर श्रीलंकाले सरकारी स्वामित्वको चाइना मर्चेन्ट्स ग्रुपलाई लिजमा ९९ वर्षका लागि एक अर्ब १२ करोड अमेरिकी डलरमा हस्तान्तरण गरेको थियो । सन् २०२२ को अप्रिलमा श्रीलंकाले खाद्यान्न, इन्धन र औषधिजस्ता अत्यावश्यक वस्तुको आयातका लागिसमेत विदेशी मुद्रा अभाव भएपछि ४६ अर्ब अमेरिकी डलर बराबरको बाह्य ऋण तिर्न सकेको थिएन ।

यसले गत वर्ष अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ) को २.९ अर्ब डलरको जमानत सहयोग प्राप्त गरेको थियो, यो कार्यक्रम विदेशी ऋणदाताहरूलाई सन्तुष्ट पार्ने ऋण सम्झौतामा ससर्त थियो । चीनले डिसेम्बरमा श्रीलंकाको ऋणको पुनर्संरचना गर्न ‘सैद्धान्तिक रूपमा’ सहमति जनाएको थियो, तर कोलम्बो र बेइजिङले विस्तृत विवरण दिएको थिएन र दुवैले सम्झौतालाई अन्तिम रूप दिन बाँकी छ । श्रीलंका सरकारले गत जनवरीमा अप्रिलको सुरुसम्ममा विदेशी ऋण पुनर्संरचनालाई अन्तिम रूप दिने बताएको थियो । *रासस/एएफपी*

# अफगानी विश्वविद्यालयमा डेढ वर्षदेखि किशोरीको प्रवेशमा रोक

**काबुल–** अफगानी सरकारको गैरजिम्मेवारपूर्ण प्रवृत्तिको परिणामस्वरूप निरन्तर करिब डेढ वर्ष (४५० दिन) भन्दा बढी समय अफगानिस्तानका विश्वविद्यालयहरू बालिकाहरूका लागि बन्द छन् । यसको चौतर्फी आलोचना भइरहेको छ । लामो समयदेखि गैरमानवीय निर्णयबमोजिम बन्द भएका अफगानी विद्यालय तथा विश्वविद्यालयहरू अझै खोल्ने कुनै संकेत नदेखिएको टोलो न्युजले जनाएको छ ।

शिक्षाबाट वञ्चित हुनुपरेका निराशा बालिकाहरूले आफ्नो शैक्षिक गतिविधिमा भएको उल्लेखनीय ढिलाइलाई उजागर गर्दै यस वर्ष विश्वविद्यालयहरू पुनः खोल्ने विषयलाई प्राथमिकता दिन तालिबानी कामचलाउ सरकारलाई आग्रह गरेका छन् । पीडित अफगानी बालिकाको तर्फबाट बोल्दै खदिजाले किशोरीहरूको शिक्षाले सम्पूर्ण परिवारको साक्षरता र विकासलाई प्रतिविम्बित गर्ने बताएकी छन् । खादिजाजस्तै धेरै अफगानी महिलाले सुरक्षाका कारण आफ्नो पूरा नाम उल्लेख गर्न चाहन्नन् । खदिजाले भनिन्, ‘संवेदनशील विषयलाई बेवास्ता गर्नाले समग्रमा देशको हरेक प्रगतिलाई खतरामा पार्ने सम्भावना बढेको छ ।’

पीडितको भावनालाई प्रतिनिधित्व गर्दै नारो थर भएकी एक अर्की महिलाले बालिकाहरूका लागि विद्यालय र विश्वविद्यालयहरूको ढोका खोल्न आग्रह गरेकी छन् । गुणस्तरीय शिक्षाको निरन्तर प्राप्तिले मात्र उनीहरूको शिक्षा बलियो र प्रगतिशील समाज निर्माणका लागि महत्त्वपूर्ण भूमिका खेल्न सक्ने उनीहरूको भनाइ छ । यस सन्दर्भमा विश्वविद्यालयका प्राध्यापकहरूले समेत चिन्ता व्यक्त गर्दै किशोरीहरूका लागि विश्वविद्यालयहरू निरन्तर बन्द हुँदा देशको प्रगतिमा बाधा पुग्ने डर पलाएको उल्लेख गरेका छन् ।

शिक्षाविद् जकिउल्लाह मोहम्मदीले शिक्षामा समान पहुँच सुनिश्चित गर्नु प्रभावकारी शासन र सामाजिक प्रगतिको आधार भएको बताएका छन् । पूर्वराष्ट्रपति हमिद करजाईले नर्वेका उपराजदूतसँगको छलफलका क्रममा बालिकाका लागि शैक्षिक संस्थाहरू पुनः खोल्ने आवश्यकतालाई जोड दिएका छन् । पुनःखोल्ने सम्बन्धमा तालिबानबाट नयाँ घोषणाहरू नभए पनि उनीहरूको शिक्षाको अधिकारका सम्बन्धमा कामचलाउ सरकारले दिएको अघिल्लो आश्वासनलाई स्मरण गरिएको छ । सन् २०२१ मा तालिबान सत्तामा फर्किएपछि सरकारको निर्देशनअनुसार विद्यालयहरूले छ कक्षा पढिसकेका बालिकाहरूलाई विद्यालय तथा विश्वविद्यालय स्तरको कक्षा प्रवेशमा रोक लगाएका टोलो न्युजले जनाएको छ । *रासस/एएनआई*

# युरोप युद्धपूर्वको युगमा’ प्रवेश गरेको पोल्याण्डकाख प्रधानमन्त्री टस्कको भनाइ

**वार्सा–** पोल्याण्डका प्रधानमन्त्री डोनाल्ड टस्कले युरोपमा द्वन्द्वको ‘वास्तविक’ खतराबारे चेतावनी दिँदै दोस्रो विश्वयुद्धको अन्त्यपछि पहिलोपटक यो महादेश ‘युद्धपूर्वको युगमा’ प्रवेश गरेको बताएका छन् ।

‘युद्ध अब विगतको अवधारणा होइन । यो वास्तविकता भएको छ र यो दुई वर्ष पहिले सुरु भएको छ । यस क्षणमा सबैभन्दा चिन्ताजनक कुरा हो र शाब्दिक रूपमा भन्दा युद्धको कुनै न कुनै परिदृश्य सम्भव देखिएको छ । हामीले सन् १९४५ यता यस्तो अवस्था देखेका थिएनौं,’ टस्कले शुक्रबार युरोपेली सञ्चार समूह लीनालाई दिएको अन्तर्वार्तामा भने ।

उनले थपे, ‘मलाई थाहा छ विशेषगरी युवा पुस्ताका लागि यो विनासकारी सुनिन्छ तर हामीले यस तथ्यमा अभ्यस्त हुनुपर्दछ युद्धपूर्व (सन् १९४५अघि) को परिदृष्यसहित एक नयाँ युग सुरु भएको छ । मैले अवस्थाबारे अतिरञ्जित कुरा गरिरहेको छैन; यो हरेक दिन स्पष्ट हुँदै गइरहेको छ ।’

दुई वर्षअघि युक्रेनमा रूसले गरेको आक्रमणले युरोपेली नेताहरूको युद्धपछिको शान्तिको भावनालाई अन्त्य गरेको थियो, यसले गर्दा धेरै देशहरूले किएभ र उनीहरूका आफ्नै सेनाहरू आपूर्ति गर्न हतियार उत्पादनलाई तीव्रता दिन थालेका छन् । युरोपेली परिषद्का पूर्वअध्यक्ष टस्कले शुक्रबार भने, ‘यदि किएभ पराजित भए युरोपमा कसैले पनि सुरक्षित महसुस गर्ने छैनन् ।’

महाद्वीपका लागि चिन्ताको विषय अमेरिकी पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पको सम्भावित पुनरागमन पनि हो । उनको अमेरिकी सैन्य सहायताको विश्वसनीयतामाथिको प्रश्नले नाटोको भूमिकालाई खुलेआम शंकाका दृष्टिले हेरिएको छ । यदि उनी नोभेम्बरमा पुनःनिर्वाचित भएमा त्यसपछि बन्ने ट्रम्प प्रशासनले नाटोमा भइरहेको अमेरिकी खर्च घटाउने पहिलेको प्रस्तावलाई पुनः ल्याउनसक्नेबारे कतिपय युरोपेली नेताहरू सशंकित छन् ।

टस्कले अन्तर्वार्तामा भने, ‘अमेरिकी राष्ट्रपति जोसुकै किन नहोस्, हाम्रो काम ट्रान्साटलान्टिक सम्बन्धको विकास गर्नु हो ।’ *रासस/एएफपी*

# भारतमा अप्रिलदेखि गहुँको भण्डारको स्थिति अनिवार्य घोषणा गर्न निर्देशन

**नयाँदिल्ली–** भारत सरकारले अप्रिलदेखि गहुँको भण्डारणस्थिति अनिवार्य घोषणा गर्न आदेश दिएको अधिकारीहरूले शनिबार बताएका छन् । अधिकारीहरूका अनुसार गहुँको भण्डारणस्थिति साप्ताहिक आधारमा घोषणा गर्नुपर्ने छ ।

सरकारले दक्षिण एसियाली देशका थोक बिक्रेता, खुद्रा बिक्रेता तथा ठूला सञ्जालका बिक्रेताहरू र व्यावसायीलाई अप्रिल १ देखि प्रत्येक शुक्रबार गहुँको भण्डारण स्थिति घोषणा गर्न आग्रह गरेको हो । घोषणा गर्नुको मुख्य उद्देश्य समग्र खाद्यसुरक्षा व्यवस्थापन गरी भण्डारण अनैतिकता रोक्ने रहेको विज्ञप्तिमा उल्लेख गरिएको छ । भारत सरकारले चामलको लागि पहिले नै यस्तो आदेश जारी गरिसकेको छ ।

घोषणाअनुसार दर्ता नभएका संस्थाले अनिवार्य रूपमा दर्ता भई हरेक शुक्रबार गहुँ र चामलको भण्डारण खुलासा गर्न सुरु गर्नुपर्ने छ । आगामी दिनमा सबै कानुनी रूपमा दर्ता भएका संस्थाहरूले गहुँ र चामलको भण्डारण नियमितरूपमा घोषणा गर्नुपर्ने मन्त्रालयले एक विज्ञप्ति जारी गर्दै निर्देशन दिएको छ । सरकारको खाद्य तथा सार्वजनिक वितरण विभागले गहुँ र चामलको मूल्य नियन्त्रण गरी देशमा सहज उपलब्धता सुनिश्चित गर्न गहुँ र चामलको भण्डारण स्थितिमा निगरानी गरेको जनाएको छ । *रासस/सिन्ह्वा*

# उत्तर कोरियालाई लक्षित गरी ल्याइएको प्रस्तावमाथि रूसद्वारा भिटो प्रयोग

**न्युयोर्क–** उत्तर कोरियाले संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद् (युएनएससी) प्रतिबन्ध उल्लंघनको अनुसन्धान जिम्मेवारी प्राप्त विशेषज्ञको स्वतन्त्र समिति नवीकरण गर्ने उद्देश्यले गरिएको प्रस्तावलाई अवरुद्ध गर्दै रूसले बिहीबार संयुक्त राष्ट्रसंघमा आफ्नो भिटो शक्तिको प्रयोग गरेको छ ।

युक्रेनमा भएको द्वन्द्व र युएनएससी प्रतिबन्ध उल्लंघनको अनुसन्धान विशेषज्ञ समिति निर्माणको प्रस्तावले मस्को र पश्चिमी देशबीच थप तनाव बढेको हो । पछिल्लो समय उत्तर कोरियाले युएनएससी प्रतिबन्ध उल्लंघन गर्दै रूसको मुख्य युद्ध हतियार आपूर्तिकर्ताको रूपमा देखापरेको युरोपेली मुलुकहरूको बुझाइ छ ।

प्योङयाङको ब्यालेस्टिक क्षेप्यास्त्र कार्यक्रमको बिस्तार गर्दै उत्तर कोरियाली नेता किम जोङ उनले अमेरिकी भूमिमा पुग्न सक्ने लामो दूरीको अन्तरमहाद्वीपीय क्षेप्यास्त्रसहित थुप्रै हतियार परीक्षण गर्न आफ्नो सेनालाई प्रोत्साहित गरेका छन् । रूसले उत्तर कोरियाको अवैध हतियार कार्यक्रममा अन्तर्राष्ट्रिय प्रतिबन्ध र संयुक्त राष्ट्रको अनुसन्धानलाई समर्थन गरेको सिएनएनले जनाएको छ ।

यद्यपि, युक्रेनमा हावी गम्भीर संकटको बीचमा गतिशीलता परिवर्तन हुँदा रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले हतियारका लागि उत्तर कोरियामा निर्भरता बढाएको देखिन्छ । संयुक्त राष्ट्रसंघका लागि रूसी राजदूत भासिली नेबेन्जियाले उत्तर कोरियामाथि संयुक्त राष्ट्रसंघले लगाएको प्रतिबन्धले प्रासंगिकता गुमाई वास्तविकताबाट अलग्गिएकाले भिटो प्रयोग गरेको बताएका छन् । उनले सन् २००६ देखि नै प्रतिबन्धको प्रभावकारिताको आलोचना गर्दै लक्ष्य विमुख भएको कोरियाली प्रायद्वीपमा सकारात्मक परिवर्तनमा योगदान नगरेको तर्क गरेका छन् । नेबेन्जियाले रूसको राष्ट्रिय सुरक्षा चासोलाई प्रत्यक्ष असर पार्ने गरी अमेरिकी नेतृत्वमा रहेका देशहरूको गठबन्धनले प्योङयाङका गतिविधिलाई अवरोध पुऱ्याएको सम्बन्धमा रूसी चिन्तासमेत उल्लेख गरे ।




संयुक्त राष्ट्रसंघको प्रतिबन्धअन्तर्गत उत्तर कोरियालगायतका देशहरूमा हतियार हस्तान्तरणमा प्रतिबन्ध लगाउँदा पनि उत्तर कोरियाली नेता उन युक्रेनविरुद्धको रूसी कारबाहीलाई सहयोग गर्न हतियारको निरन्तर आपूर्तिकर्ताका रूपमा सक्रिय देखिन्छन् । दक्षिण कोरियाका रक्षामन्त्रीले उत्तर कोरियाका हतियार कारखानाले रूसलाई लाखौं तोपखानासहित हतियार आपूर्ति गर्न पूर्ण क्षमतामा काम गरिरहेको उल्लेख गरेका छन् । यसैबीच युक्रेनले आफ्नो लक्ष्यमा आक्रमण गर्दा उत्तर कोरियाले बनाएको ब्यालेस्टिक मिसाइलका भग्नावशेष फेला पारेको रिपोर्ट सिएनएनले गरेको छ ।

पन्ध्र सदस्यीय सुरक्षा परिषद्का सदस्यको उपस्थितिमा१३सदस्यहरूलेविशेषज्ञकोसमितिको काम नवीकरण गर्ने पक्षमा थिए । छलफलमा रूसले विरोध जनाएको र चीन अनुपस्थित रहेको थियो । बहुमत सदस्यहरू पक्षमा रहँदा रहँदै पनि रूसको भिटो शक्तिले प्रस्तावलाई अन्ततः असफल तुल्यायो ।

संयुक्त राष्ट्रसंघका लागि बेलायती राजदूत बार्बरा वुडवार्डले उत्तर कोरियाली जनतामाथि पर्ने यसको हानिकारक प्रभाव र प्रतिबन्धको प्रभावकारितालाई जोड दिँदै रूसी भिटोप्रति गहिरो चिन्ता व्यक्त गरेका छन् । उनले अन्तर ाष्ट्रिय मान्यतासहितको शासनको अखण्डता र परिषद्को विश्वसनीयतालाई कमजोर पार्दै हतियार खरिद्का लागि प्रतिबन्धबाट बच्ने स्वतन्त्रता खोजिरहेको आरोप लगाएका छन् ।

राष्ट्रसंघका लागि अमेरिकी उपराजदूत रोबर्ट वुडले सभ्य राष्ट्रले अनुमोदनलाई कसरी रोक्न सक्छ भनेर प्रश्न गर्दै रूसको ‘गैरजिम्मेवारपूर्ण कार्य’को निन्दा गरेका छन् । विशेषज्ञहरूको प्यानललाई अस्थायीरूपमा अवरोध गरेको भएता पनि दिगो र अब्बल व्यवस्थाका लागि वकालत जारी रहने कुरामा उनले जोड दिए । दक्षिण कोरियाको विदेश मन्त्रालयले पनि रूसको निर्णयलाई गैरजिम्मेवारपूर्ण भन्दै आलोचना गरेको भने मस्कोको कदमविरुद्ध अन्तर्राष्ट्रिय प्रतिक्रियालाई समेत उजागर गरेको छ । *रासस/एएनआई*


## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी– गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी–विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१–४२७६५३०, फ्याक्सः०१–४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१–४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट –९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१– ४२२४१८१, ०१– ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १३०००० | प्रति तोला – १२९४०० | प्रति तोला – १५२५ |



विद्युत्का खम्बा | नेपाल विद्युत् प्राधिकरण कर्णाली प्रदेशले सुर्खेतका विभिन्न ठाउँमा विद्युतीकरण गर्नका लागि वीरेन्द्रनगर नगरपालिकाको खुल्ला मञ्चमा जम्मा गरिएका पोलहरू । *तस्बिरः हेमन्त केसी/रासस*

# जनताको मन छुने बजेट ल्याउँछु : अर्थमन्त्री

■ प्रभाव संवाददाता



**काठमाडौं–** अर्थमन्त्री वर्षमान पुन अनन्तले आगामी आर्थिक वर्ष २०८१/०८२ को बजेट तर्जुमा गर्नेबारे निर्देशन दिएका छन् ।

अर्थसचिव कृष्णहरि पुष्कर, राजश्व सचिव रामप्रसाद घिमिरे, बजेट लेखन समितिका सहसचिवहरू, मन्त्रालयका सबै महाशाखा प्रमुख, विभागीय प्रमुख तथा महानिर्देशक र उपमहानिर्देशकहरूलाई राखेर शनिबार बजेटको प्राथमिकताबारे सामूहिक निर्देशन दिएका हुन् ।

मन्त्री पुनले आमजनता र सबै सरोकारवालाले स्वामित्व लिन सक्ने खालका कार्यक्रम बजेटमा समेट्न निर्देशन दिए । उत्पदान वृद्धिमार्फत रोजगारी सिर्जना गर्ने, आयात प्रतिस्थापन गरी वैदेशिक व्यापार घाटा कम गर्नेमा आफ्नो जोड रहने बताए ।

त्यसका लागि उत्पादनमुलक उद्योग प्रवर्द्धनमा लगानी र निर्यात प्रवर्द्धनलाई जोड दिनुपर्ने उनको भनाइ थियो । अर्थमन्त्रीले बजेट निर्माण गर्दा सत्ता साझेदार दलहरूबीचको न्यूनतम साझा कार्यक्रमभित्र रही विषयगत मन्त्रालयहरूसँगको समन्वयमा बजेट वक्तव्य तयार पार्न भने। मन्त्री पुनले सरकारको नीति तथा कार्यक्रम, बजेट र मौद्रिक नीतिबीच तालमेल हुनुपर्नेमा जोड दिए । त्यसका लागि सम्वद्ध निकायहरूबीच अन्तरसन्ध स्थापनामा निरन्तर संवाद हुनुपर्ने बताए । 'उत्पादन र उत्पादकत्व अभिवृद्धिमार्फत रोजगारीका थप अवसर सिर्जजना हुने अनि आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन हुने खालको नीति बजेटमा आउनुपर्छ', मन्त्री पुनले भने, 'बजेट विनियोजन गर्दा 'बहुजन हिताय' भन्ने मान्यताका आधारमा बढीभन्दा बढी जनतालाई छुने र उनीहरूले स्वामित्व लिन सक्ने हुनुपर्छ भन्ने सम्माननीय प्रधानमन्त्रीज्यूको स्पष्ट निर्देशन छ । मैले तपाईंहरूलाई भन्ने पनि यही नै हो ।'

मन्त्री पुनले कृषिजन्य उपज र बजारबीच लिंकेज हुने कार्यक्रम बजेटमा राखिने जनाए । यस्तै बजारको स्थायित्वका लागि उत्पादनको आकारमा वृद्धि जरुरी रहेकामा जोड दिए । कृषि उत्पादनलाई बजार र उद्यमसँग जोड्ने कार्यक्रममा ध्यान दिन मन्त्रीको निर्देशन छ ।

मन्त्री पुनले मध्यपहाडी लोकमार्ग र हुलाकी राजमार्ग आसपास क्षेत्रहरूमा नयाँ बजार र आर्थिक केन्द्र स्थापना गर्ने विषयलाई बजेटमा समावेश गर्न निर्देशन दिए । यस्तै स्थानीयतहमा जाने समानीकरण अनुदानलाई आर्थिक वर्षको बीचमा संशोधन गर्न नमिल्ने व्यवस्था गर्न तथा ससर्त अनुदानका कार्यक्रमहरू घटाउन भनेका छन् । राजश्वको अनुमान र राजश्व परिचालनबीचको दूरी कम गर्ने तथा सार्वजनिक संस्थान सुधारलाई जोड दिने आफ्नो नीति रहेको उल्लेख गरे । यस्तै उनले सामाजिक सुरक्षा, समृद्धि र सामाजिक न्यायलाई राज्यले विशेष ध्यान दिनुपर्ने भन्दै महिला, दलित, अपांगता भएका र पिछडिएका क्षेत्र केन्द्रित कार्यक्रम ल्याउन भनेका छन् ।

फरक प्रसंगमा पुनले यो वर्षको बजेट निजी क्षेत्र र लगानीमैत्री हुने बताए । निजी क्षेत्रलाई प्रत्साहित हुने खालको बजेटले मात्र आर्थिक क्रियाकलाप विस्तार हुने उनको विश्वास थियो । 'यो वर्षको बजेट निजी क्षेत्र र लगानीमैत्री बजेट हुनेछ', मन्त्री पुनले भने, 'निजी क्षेत्रका जेन्यून लगानीकर्ताका लागि 'रेड कार्पेट' बिछ्याउने नीति लिइने भएकाले यसकै वरिपरि रहेर बजेट बनाउनुपर्नेछ ।'

मन्त्री पुनले अर्थ मन्त्रायका सहसचिव धनिराम शर्माको नेतृत्वमा शुक्रबार सहसचिवहरू रितेशकुमार शाक्य, महेश आचार्य, रामप्रसाद आचार्य, ईश्वरी अर्याल र पार्वती शर्मा सदस्य रहेको बजेट लेखन समिति गठन गरेका थिए । १२ वर्षअघि बाबुराम भट्टराई नेतृत्वको सरकारमा पहिलोपटक अर्थमन्त्री हुँदा पुनले विपक्षीको अवरोधका कारण बजेट ल्याउन पाएका थिएनन् ।

# महिनाभित्रै सुनकोशी मरिणको सुरुङ 'ब्रेक थ्रु'

■ प्रभाव संवाददाता

**सिन्धुली–** राष्ट्रिय गौरव आयोजनाको सुनकोशी मरिण डाइभर्सनको मुख्य सुरुङ एक महिनाभित्र 'ब्रेक थ्रू' हुने भएको छ । आयोजनाका प्रमुख मित्र बरालका अनुसार कूल १३ दशमलव तीन किलोमिटर लामो सुरुङको अब सात सय ९० मिटर मात्र खन्न बाँकी छ । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेत, सिँचाइ सचिव सुशीलचन्द्र तिवारी, जलस्रोत तथा सिँचाइ विभागका महानिर्देशक चन्द्रबहादुर ओलीलगायतको टोलीले आज सिन्धुलीको कमलामाई नगरपालिका कुसुमटारमा रहेको आयोजनास्थलमा निरीक्षण गरेका छन् ।

निरीक्षण अवलोकनपछि ऊर्जामन्त्री बस्नेतले तोकिएको समयभित्र काम सम्पन्न गर्न आयोजनाका लागि स्रोत साधनको अभाव हुन नदिने बताए । 'यो आयोजना सरकारको विशेष प्राथमिकतामा छ । आयोजनामा स्रोत साधनको कुनै समस्या आउन दिँदैनौँ', उनले भने । अहिलेसम्मको कामको प्रगति सन्तोषजनक रहेको बताउँदै उनले तोकिएको समयभित्रै काम सक्न निर्देशन दिए ।

ऊर्जामन्त्री बस्नेतसहितको उच्चस्तरीय टोलीले शुक्रबार आयोजनाको बाँधस्थल निरीक्षण गरेको थियो । यसअघि ऊर्जामन्त्री बस्नेतले आयोजना प्रमुखलगायत अधिकारीलाई आयोजनास्थल नछाड्न र हरेक १५ दिनमा आयोजनाको प्रगति अवस्थाबारे मन्त्रालयलाई जानकारी दिन निर्देशन दिएका थिए ।

तराई मधेसमा वर्षैभरि सिँचाइ सुविधा पुर्‍याउने लक्ष्यका साथ सुरु गरिएको उक्त आयोजनालाई सरकारले प्राथमिकताका साथ अघि बढाइरहेको छ । सुरुङ खन्ने काममा कुनै भौगोलिक जटिलता नआएको खण्डमा एक महिनाभित्र 'ब्रेक थ्रु' भइसक्ने आयोजना प्रमुख बरालले जानकारी दिए ।

आयोजनाको सुरुङ निर्माण चिनियाँ कम्पनी चाइना ओभरसिज इन्जिनियरिङले गरिरहेको छ । बाँध निर्माणका लागि नेपालको रमण समूहसँग भारतीय कम्पनी पटेल इन्जिनियरिङको संयुक्त उपक्रमले जिम्मा पाएको छ । बाँध र विद्युत् गृह निर्माणमा केही ढिलाइ भए पनि तोकिएको समयभित्रै पूरा गर्ने निर्माण व्यवसायीको भनाइ छ । विसं २०८४ को असोजमा सो आयोजना पूर्णरूपमा सम्पन्न गर्ने लक्ष्य राखिएको छ ।

सुनकोशी नदीको पानी मरिण खोलामा झारेर विद्युत् उत्पादन गर्ने र तराईको एक लाख २२ हजार हेक्टर जमिनमा सिँचाइ सुविधा उपलब्ध गराउने लक्ष्यका साथ सुरु गरिएको उक्त आयोजनाको सुरुङ निर्माणमा अपेक्षितभन्दा बढी प्रगति भए पनि अन्य काममा भने सोहीअनुसार भएको छैन । सो आयोजनाको 'कफर ड्याम' निर्माण भइरहेको जनाइएको छ ।

निर्माण व्यवसायीले काम गरिरहेको भए पनि बाँध निर्माणमा अपेक्षित प्रगति देखिँदैन । विद्युत् गृह र प्रसारण लाइन निर्माणका लागि आवश्यक तयारी भइरहेको छ । प्रसारण लाइनका लागि वातावरणीय प्रभाव मूल्याङ्कन सकिएको छ । त्यो स्वीकृतिको अन्तिम चरणमा छ । यस्तै हाइड्रोमेकानिकल र इलेक्ट्रोमेकानिकलतर्फको काम पनि अगाडि बढाउन लागिएको आयोजना प्रमुख बरालले जानकारी दिए ।

सुनकोशी मरिण डाइभर्सन आयोजनाबाट हाल सञ्चालनमा रहेको बिपी राजमार्गको केही भाग प्रभावित हुनेछ । हाल सञ्चालनमा रहेको राजमार्गलाई नौ सय मिटर डाइभर्सन गर्नुपर्ने हुन्छ । आगामी वैशाखसम्म बाँध निर्माणलाई एउटा स्तरमा पुर्‍याउने लक्ष्य राखिएको छ । वैशाखपछि नदीमा जलसतह बढ्ने भएकाले काम गर्न समस्या हुनेछ । यस्तै, विद्युत् गृह निर्माण हुने स्थानमा मुआब्जा वितरण सम्पन्न भइसकेको छ ।

आयोजनाका लागि सुनकोशी गाउँपालिका–७ कानढुङ्गीस्थित सिन्धुली र रामेछाप जिल्लाको सिमाना भएर बग्ने सुनकोशी नदीमा पथान्तरण गरिनेछ । सुनकोशीको करिब ६७ क्युसेक पानीलाई सुरुङमार्फत सिन्धुलीको कमलामाई नगरपालिका–२ कुसुमटारस्थित मरिण खोलामा खसालिनेछ । त्यसपछि बागमती सिँचाइ आयोजनाको पूर्वाधार प्रयोग गरेर धनुषा, महोत्तरी, सर्लाही, रौतहट र बाराको करिब एक लाख २२ हजार हेक्टर जमिनमा सिँचाइ गर्ने लक्ष्य राखिएको छ । त्यस्तै सो आयोजनाबाट ३१ मेगावाट बिजुली उत्पादन हुनेछ ।

## भक्तपुरमा घरेलु उत्पादन मेला सम्पन्न

**भक्तपुर (प्रस)–** घरेलु तथा साना उद्योगहरूलाई बचाउन सहयोग गर्ने उद्देश्यका साथ शुक्रबारदेखि भक्तपुरमा सुरु भएको दुईदिने घरेलु उत्पादन मेला २०८० सम्पन्न भएको छ । संस्कृति संरक्षण तथा पर्यटन प्रबर्द्धनका लागि घरेलु उत्पादन मेला नाराका साथ भक्तपुर नगरपालिका वडा नं १ दूधपाटीस्थित नःपुखु (पोखारी) परिसरमा मेला भएको हो ।


## डढेलो नियन्त्रण गरौं, वातावरण जोगाऔं

डढेलोले,

- वनमात्र नभई जैविक विविधता र सम्पदा पनि नष्ट गर्दछ,
- वातावरणीय प्रदूषण बढाउँछ,
- भूक्षय बढाउँछ
- पानीको मूल सुकाउँछ

त्यसैले,
वन पैदावारको संकलन तथा खेती किसानीमा आगोको प्रयोग गर्दा सावधानी अपनाऔं ।



नेपाल सरकार
विज्ञापन बोर्ड


# अल्लो उद्योगमा महिलालाई रोजगारी

**घोराही (दाङ)–** तिलकुमारी पुनले घोराही उपमहानगरपालिका–१३ मा अल्लो व्यवसाय सञ्चालन गरेकी छिन् । 'विश्वासिलो अल्लो धागो तथा कपडा उद्योग'मार्फत उनले व्यवसाय गर्दै आएकी हुन् । चालिस वर्षिया पुनको घरमा बुवा, आमा, दाई र आफूसहित दुई दिदीबहिनी छन् । आफ्नै खुट्टामा उभिएर स्वरोजगार बन्दै जाँदा बिहे गर्नुपर्छ भन्ने सोचसमेत नआएको उनले बताइन् ।

विसं २०५७ मा पूर्वी रुकुमबाट दाङ बसाइँ सरेकी पुनले घोराही–१३ मा सञ्चालन गरेको व्यवसायबाट प्रशस्त आम्दानी गर्दै आएकी छिन् । सानै उमेरदेखि अल्लो उद्यममा लागे पनि व्यावसायिकरूपमा विसं २०७३ देखि लागेको पुनले जानकारी दिइन् । उनका अनुसार अहिले उद्योगमा ३५ जना बढी स्थानीय महिलाले रोजगार पाएका छन् ।

उद्योगमा आबद्ध महिला आजभोलि सेवार खोलामा घरेलु प्रविधिबाट प्रशोधन गर्नका लागि जङ्गलमा पाइने अल्लोलाई पानीमा पकाउने, कमेरो माटो लगाउने, घाममा सुकाउने, पिट्नेलगायत काम गर्दै आएका छन् । यी सबै प्रक्रिया पूरा गरेपछि मात्रै धागो काट्नका लागि भुवा तयार हुन्छ ।

उद्योगमा काम गर्दै आएका महिलालाई उद्योगका प्रमुख तिलकुमारीले आठ घण्टा काम गरेबापत दैनिक रू पाँच सय दिने गरेको बताइन् । उनले आवश्यक कच्चापदार्थ दार्चुला, अछाम, बाजुराबाट ल्याउने गरेको उनको भनाइ छ । आफ्नो व्यवसायबाट पूर्ण सन्तुष्टि रहेको बताउँदै उनले वार्षिक रू पाँच लाख आम्दानी गर्दै आएको जानकारी दिइन् ।

अल्लोको कपडामात्रै हैन धागो बेचेर पनि राम्रो आम्दानी भएको उद्यमी पुनले बताइन् । 'कपडा तयार गर्नसके थोरै धागोबाट राम्रै आम्दानी हुन्छ', उनले भनिन्, 'धागो दाङसहित जिल्ला बाहिर बिक्ने गरेको छ ।' तयारी कपडा पनि राम्रो बिक्री हुने गरेको भन्दै अल्लोको धागो काठमाडौँ र भारतसम्म पठाउने गरिएको उनले जानकारी दिइन् ।

'पहिले घरधन्दामै दिन बित्थ्यो', अर्का उद्यमी मनमाया रोकाले भनिन्, 'अहिले घरको सबै काम सकेर पनि उद्यमले दिएको रोजगारले राम्रो आम्दानी भइरहेको छ ।' ७० वर्षीया मनमाया आफूजस्ता धेरै महिलाले फुर्सदको समय सदुपयोग गर्दै आएको बताइन् । बसेर काम गर्दा धेरै दुःख नहुने उनको अनुभव छ ।

घरमै खाली बसिरहनुभन्दा आफ्नो खर्च आफैँ काम गरेर जुटाउन सफल भएको भन्दै रोकाले खुसी व्यक्त गरिन् । उनका अनुसार उद्योगमा अल्लोबाट कोट, ब्याग, जुत्ता, सललगायत सामग्री पनि उत्पादन हुने गरेको छ । अल्लोको धागोलाई सुकाउने र पकाउने सबै काम मिलेर गर्ने गरेको अल्लो उद्योगमा काम गर्दै आएकी घोराही–१८ का भूमिका रोकाले बताइन् । आजभोलि छोराछोरीको वार्षिक परीक्षा सकिएको हुँदा खाली समयमा यही उद्योगमा काम गर्दै आएको उनको भनाइ छ ।

उद्योगमार्फत अन्य दिदीबहिनीलाई पनि खाली समयको सदुपयोग गर्दै स्वरोजगारमा जोड्न पाएका पुनको भनाइ छ । उद्योगमा काम गर्दा आर्थिक आम्दानी हुनुका साथै खाली समयको समेत सदुपयोग भइरहेको उद्योगमा सहभागी महिलाको भनाइ छ । महिलालाई स्वरोजगार बनाउन स्थानीय सरकारले विशेष योजना तथा कार्यक्रम ल्याउनुपर्नेमा उनले जोड दिइन् । *रासस*


अब मात्र एक क्लिकमा...

www.prabhabonline.com

facebook www.facebook.com/Prabhab Online

प्रभाव दैनिक


**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**ः एक्प्रेस कलर प्रेस, **कार्यालय**ः काठमाडौं–७, सिफल, नेपाल फोन नं.ः ०१–४३७३५७७, ०१–४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**ः marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**ः कृष्णबहादुर कार्की, **सम्पादक**ः विष्णु तामाङ